अन्तिम लेखापरीक्षण प्रतिवेदन

तिनाउ गाउँपालिका
पाल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

तिनाउ गाउँपालिका

पाल्पा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

तिनाउ गाउँपालिका

पालपा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ३६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा ।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९६ लाख ९५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२७ लाख ६८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३३ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. २७ लाख १६ हजार समेत गरी यस वर्ष रु.६९ लाख २७ हजार बेरुजू कायम रहेको छ । गाउँपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. १० करोड ३२ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड २ लाख ९ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने तिनाउ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तिनाउ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

तिनाउ गाउँपालिका, पाल्पा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७९	४१	९६९५	०	१७	२७६८	७९	२४	६९२७	८५४	२७१६	३३५७	०	०	६०७३	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तिनाउ गाउँपालिका , पाल्पा जिल्ला,	१५०७०१	०	४७४१९	१०३२८२	०	६९२७	११०२०९

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
१	०७९।८०	४२.३	असुली दाखिला	१६५९००
२	०७९।०८०	६६	असुली दाखिला	१९४२१०
३	०७९।०८०	५८	असुली दाखिला	५९५०
४	०७९।०८०	५९	असुली दाखिला	६८५०
५	०७९।०८०	७७	सोधभर्ना प्रमाण पेश	९३३४५४
६	०७९।०८०	८८	दाखिला प्रमाण पेश	१४४७२७७
७	०७९।०८०	४८	असुली दाखिला	१४०००
	चालु वर्षको जम्मा			२७६७६४१
	गत विगत वर्षतर्फको			
१	२०७८।७९	-	-	६६९७८७८
२	२०७७।७८	-	-	८३१२३
३	२०७६।७७			४०६३८३२०
	गत विगतको जम्मा	-	-	४७४१९३२१
	कुल जम्मा	-	-	५०१८६९६२

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाम ६ वडा रहेको छ भने क्षेत्रफल २०२ वर्ग किलोमिटर तथा २२९७२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।११ देखि २०८०।०७।०३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय — व्ययतर्फ रु.९८१८५५६४६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५७३९७४८७६.८५	४८५७३६८४७.८७		४८५७३६८४७.८७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५६३७२६३२२.६	४७४९४१४८४.३७	०	४७४९४१४८४.३७
११००० कर	११	९५९८८०००.	१०१५८३८४८.११	०	१०१५८३८४८.११
१३००० अनुदान		३७४४९६०००.	३३६८७१६०२.७५	०	३३६८७१६०२.७५
संघीय सरकार	१२	३३३२९३०००.	३००६५९३१२.२५	०	३००६५९३१२.२५
प्रदेश सरकार	१२	३४२०३०००.	२९९४२९६२.	०	२९९४२९६२.
जनसहभागिता		७००००००.	६२६९३२८.५	०	६२६९३२८.५
१४००० अन्य राजस्व		१५४५००००.	३६२२७५१४.८९	०	३६२२७५१४.८९
१५००० विविध प्राप्ति		१००००००.	२५८५१८.६२	०	२५८५१८.६२
३२००० वित्तीय सम्पत्ति		७६७९२३२२.६	०	०	०
ख. अन्य प्राप्ति		१०२४८५५४.२५	१०७९५३६३.५		१०७९५३६३.५
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१०२४८५५४.२५	५२४०९५२.५	०	५२४०९५२.५
धरौटी		०	५५५४४११.	०	५५५४४११.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०

भुक्तानी (ग+घ)		५७३९७४८७६.८५	४९६११८७९८.६७		४९६११८७९८.६७
ग. भुक्तानी (सञ्चित कोषबाट)		५६३७२६३२२.६	४८९५०३२८८.६७		४८९५०३२८८.६७
२१००० पारिश्रमिक / सुविधा	१८	२११९७८०९०.	१९११५२०१४.०३	०	१९११५२०१४.०३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	११९०१२७३२.६	९६३६५७८४.१४	०	९६३६५७८४.१४
२५००० सहायता (Subsidy)	१८	५३९३०००.	४८६६०१५.	०	४८६६०१५.
२६००० अनुदान	१८	९९८५०००.	८९३२७९९.	०	८९३२७९९.
२७००० सामाजिक सुरक्षा	१८	१९५८०००.	१३२१२००.	०	१३२१२००.
२८००० अन्य खर्च	१८	३००००००.	१८९२११५.	०	१८९२११५.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२१२३९९५००.	१८४९७३३६१.५	०	१८४९७३३६१.५
घ. अन्य भूक्तानी		१०२४८५५४.२५	६६१५५१०.		६६१५५१०.
कोषहरु		१०२४८५५४.२५	३८०६७९०.	०	३८०६७९०.
धरौटी		०	२८०८७२०.	०	२८०८७२०.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			-१०३८१९५०.८		-१०३८१९५०.८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			८६०२२१३०.८५		८६०२२१३०.८५
वर्षान्तको बाकी रकम (ङ + च)			७५६४०१८०.०५		७५६४०१८०.०५
बैंक तथा नगद बाकी	२४		७५६४०१८०.०५		७५६४०१८०.०५

कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट CGAS मार्फत कारोबार भएका तर पालिकाको संचित कोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :

शीर्षक	वार्षिक बजेट	निकासा	खर्च
सामाजिक सूरक्षा कार्यक्रम	७९०८००००	७७४२३९८७	७७४२३९८७
भाषा तथा संस्कृति कार्यक्रम	३५०००००	१९४९६१५	१९४९६१५

३ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७७४२३९८७ र भाषा तथा संस्कृति कार्यक्रममा रु. १९४९६१५ समेत गरी रु ७९३७३६०२ सुत्रमा लेखाङ्कन भएको छैन । जसबाट पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरण तथा वास्तविक आर्थिक कारोबारमा उपरोक्त रकम फरक परेको देखिन्छ । तसर्थ तालुक निकायले पालिकाको सबै आर्थिक कारोबारहरु समेटी एकिकृत विवरण तयार हुने गरी प्रणाली विकास लागु गर्नुपर्दछ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु ५६ करोड ३७ लाख २६ हजार ३२२ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा उक्त समितिहरुलाई प्रभावकारी बनाउनु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कार्यान्वयन गर्नुपर्नेमा हालसम्म गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा केहि योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

- पालिकाले तोकिएको शीर्षकको भत्ता खर्चलेख्दा अन्य शीर्षकमा सोही मितिमा सोही कर्मचारी उपस्थित भई दोहोरो भत्ता भुक्तानी भए नभएको अभिलेख राख्ने तथा भिडाउने गरेको पाईएन ।
- • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• आर्थिक कार्यविधि वित्तियउत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७ नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन भुक्तानीका लागि विल भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक र अन्य शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र मलेपफानं २०२ सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोले कार्यालयले उक्त व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

	रु हजारमा				
क.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**प्रतिशत**	**क्षेत्रगत प्रतिशत**
१	आर्थिक विकास	४७२७२	४१६६०	८८.१३	८.६
२	पूर्वाधार विकास	१४५३०७	१२५८२३	९०.२८	२५.७
३	सामाजिक विकास	२३५१६८	२१२३१९	८६.५९	४३.४
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१०१५०	७०९४	६९.९०	१.४
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१२५८२७	१०२६०५	८१.५४	२०.९

जम्मा	५६३७२६	४८९५०३	८६.८३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३.४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण** - पालिकाको यसवर्ष मालपोत रजिष्ट्रेशन समेत आन्तरिक आयबाट रु ३७५१४५५६, राजस्व बाँडफाँडबाट रु १००२९६८०७ र अनुदानबाट रु ३३६८७१६०३ समेत रु ४७४९४१४८४ आम्दानी भएकोमा चालु तर्फ रु ३०४५२९९२७ र पूँजिगत तर्फ रु १८४९७३३६२ समेत रु ४८९५०३२८९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.६६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.२१ प्रतिशत चालु र ३७.७९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशि।र्षक	**कुल खर्च**	**त्रैमासिक खर्च-रु हजारमा_**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	१८४९७३	७२६	१९२२७	६७३६२	९७६५७	६६४८७
प्रतिशत	१००	०.४०	१०.४०	३६.४१	५२.७९	३५.९४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १९ करोड ४९ लाख ७३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७ लाख २६ हजार (०.४० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ९२ लाख २७ हजार (१०.४० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ६ करोड ७३ लाख ६२ हजार (३६.४१ प्रतिशत) खर्च र चौथो त्रैमासिकमा रु. ९ करोड ७६ लाख ५७ हजार (५२.७९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६ करोड ६४ लाख ८७ हजार (३५.९४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर

खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

९ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले ४४ कर्मचारी करारमा नियुक्ती गरी रु १४४५१४३७ खर्च गरेको छ । पालिकाले ५ वटा स्वास्थ्य ईकाईमा ५ जना स्वीकृत दरवन्दी बाहिर कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता प्रति महिना रु.१९५०० का दरले यस वर्ष रु.१३१७५०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था अनुसार दरबन्दी भन्दा बढी करार कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

	अनियमित भएको	१३,१७,५००

१० **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १२ कर्मचारीको रु. ६२४८११२ र पालिकाका २३ कर्मचारीको रु. ११६६६८३२ समेत रु. १७९१४९४४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

११ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

१२ **वार्षिक खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक खुला बोलपत्रबाट रु ४६०७७७७४, सिलबन्दी

दरभाउपत्रबाट रु ३७८७१५५, सोझै रु २२८०३९७ र उपभोक्ता समितिबाट रु १०९९१६०९९ समेत गरी रु. १६२०६१४२५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार पालिकास्तरका कुल ३६५ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	**बर्गिकरण**	**योजना संख्या**
१	रु ५० हजार सम्मका	४१
२	रु ५० हजार देखि रु १ लाख सम्माका	१११
३	रु १ लाख देखि रु २ लाख सम्मका	३३
४	रु २ लाख देखि रु ५ लाख सम्मका	१२७
५	रु ५ लाख देखि १० लाख सम्मका	३९
६	रु १० लाख देखि माथिका	१४
जम्मा		**३६५**

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा एक पटक मात्र गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाको सुत्र प्रणालीको खर्च विवरण अनुसार विविधतर्फ मात्र रु. ४९६७००० र सभा संचालनमा रु १४७६००० गरि जम्मा ६४४३००० खर्च गरेको छ । विविध खर्चको प्रयोजन र आधार स्पष्ट गरी यस्ता प्रकारका खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौं, सहायक पाँचौ सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सेवा प्रवाह -** पालिकाले उपलब्ध गराएको सेवा प्रभाव सम्बन्धी विवरण अनुसार घरबाटो सिफारिस निवेदन १३९ प्राप्त भएकोमा १०४ सिफारिस गरेको छ त्यस्तै नाता प्रमाणित तर्फ ३२८ निवेदन प्राप्त भएकोमा ३२२ सिफारिस गरेको छ भने नागरिकता सिफारिसको निवेदन ११३२ प्राप्त भएकोमा ११२२ सिफारिस गरेको छ भने अन्य सिफारिस ५६३४ निवेदन प्राप्त भएकोमा ५६२० लाई अनुमति प्रदान गरेको छ । पालिकाले सेवा प्रवाहलाई प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न समयमा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ३८ वटा नियमावली/कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

---

१९ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष दर्ता भएको कुल १३ विवाद दर्ता भएकोमा १ दरपीठ गरेको, ९ वटा फस्यौंट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र कुल २४ रहेकोमा पालिका स्तरका २० वटा सहकारी संस्था रहेका छन् । उक्त २० मध्ये ४ निश्क्रिय र १६ चालु अवस्थामा रहेको विवरण प्राप्त भएको छ । पालिका भित्रका अधिकाङ्श सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट यस बर्ष सहकारीहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन तयार गरिएको छैन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२१ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि तर्फ मिनिटिलर वितरण, आलु धान मकै गहूँको विउ वितरण, तरकारी खेती विस्तार, प्लाष्टिक पोखरी निर्माण र मौरी घार वितरण लगायतमा रु १००८८०००, पशु तर्फ घाँस विउ वितरण, खोर गोठ तथा पोखरी सुधार, यन्त्र तथा औजार वितरण, सुत्केरी पशु पोषण कार्यक्रम लगायतमा रु २२५०००० गरी रु १२३३८००० विभिन्न सहकारी संस्था, कृषि फर्म, व्यक्ति र समुहलाई अनुदान खर्च लेखेको छ । यन्त्र उपकरणहरुको भुक्तानी दिंदा सोको वारेन्टी ग्यारेन्टी पिरियड तथा स्पेशिफिकेसन बमोजिमको भएनभएको यकिन गरेको प्रतिवेदन संलग्न देखिएन । साथै पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा

सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जिन्सी प्रतिवेदन अनुसार प्रोजेक्टर १ थान, ल्यापटप ४ थान, दराज १२ थान, सिलाई मेशिन ४ थान, प्रिन्टर ३ थान, फोटोकपी मेशिन १ थान, डेस्कटप कम्प्युटर १० थान, मोबाइल २ थान, टेबुल ३२ थान, खाट पलङ लोबेड ३ थान लगायतका मालसामान लिलाम बिक्रि गर्नुपर्ने देखियो । नियमावलीको व्यवस्था अनुसार पालिका स्तर वडा स्तर हेल्थपोष्ट लगायतका जिन्सी मालसामानको समेत मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

योजनाको नाम	**परामर्शदाता**	**सम्झौतारकम**	**भुक्तानीरकम**	**योजनाकोडिपीआर अनुसारको कुल लागत**
सडकको डिपीआर	डाइनामिक रिसोर्सम्यानेजमेन्ट प्रालि	१७८०८१५	१७८०८१५	१८३६०१६०४६

सडक गुरयोजनाको डिपीआर	अभियन्त्र कन्सल्टिङ्गप्रा लि	११५०३४०	११५०३४०	३२२०००००
सडकको डिपीआर	विल्डर्स डेक प्रालि	३४०५८२	३४०५८२	१२९८५४७७१

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

२५ **सम्वृद्धिको लागि वन** - यस कार्यक्रमको लागि संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रममा रु २५१२००० दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रममा रु ११००००० र आयोजना अनुगमन तथा मुल्यांकनमा रु ८८००० समेत रु ३७००००० बजेट व्यवस्था भएकोमा संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि अन्तर्गत कम्प्युटर एवं कार्यालय सामाग्री र मोटरसाईकल खरिद, तालिम संचालन लगायतमा रु १५५६९७० खर्च भएको छ । दिगो वन व्यवस्थापन तथा वृक्षारोपण तर्फ ११००००० बजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

२६ **अनुगमन** - मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरुमा प्रशिक्षक जनशक्ति व्यवस्थापन गर्ने उल्लेख गरी कार्यक्रम स्वीकृत भएकोमा बजेट अनुसार नै खर्च भएतापनी प्रशिक्षण जनशक्तिमा न्यून खर्च गरी निम्नअनुसार रु ५७०२४५ (कुल बजेटको ७६ प्रतिशत) अन्य खर्च शिर्षकमा खर्च गरेको पाइयो । कार्यक्रमको उद्देश्य प्रशिक्षक राखि लामो समयसम्म विद्यार्थीहरुलाई प्रशिक्षण दिने रहेकोमा अल्पकालीन कार्यक्रम गरी खर्च गर्नु उपयुक्त देखिएन । साथै खरिद गरिएका ड्रेस लगायतका सामाग्रीहरुको उचित संरक्षण गरी कार्यक्रमलाई विद्यालयले निरन्तरता दिए नदिएको सम्बन्धमा अनुगमन गरी कार्यक्रमको प्रभावकारी मापन गर्नपर्दछ ।

गोभौन।मिति	विद्यालयको नाम	बजेट	खर्च विवरण	रकम
३७।०८०।३।१७	पृवी प्रकास मा वि	१०००००	खाजा	३६०००
			चोलो	१३५००
			भाङ्ग्रा	२५०००

३८।०८०।३।१७	तिलोतमा मा वि	१५००००	ड्रेस	६००००
			खाजा	६००००
३८।०८०।३।१८	जनप्रिय मा वि	१५००००	पोसाक	४९७२०
			खाजा	६४५६५
३९।०८०।३।१७	वुद्ध प्रकाश मावि	१०००००	खाजा	३८४००
			ड्रेस	३००६०
४०।०८०।३।१८	दोभान मा वि	१५००००	पोसाक	६००००
			खाजा	६३०००
४३।०८०।३।२१	युवाबर्ष मा वि	१०००००	खाजा	३६९००
			पोसाक	३३१००
जम्मा		७५००००		५७०२४५

सैद्धान्तिक बेरुजु

२७ **गाँउपालिका स्वास्थ्य**- गाँउपालिका स्वास्थ्य कार्यक्रम सुनौलोहजार दिनका आमाहरुलाई कुखुराको चल्ला वितरण गर्न भनि २६६ व्यक्तिलाई प्रति व्यक्ति १० वटा चल्लाको दरले वितरण गरे वापत गोभौनं ३८।२०८०।२।१ बाट रु ४८९४४० खर्च लेखेको छ । वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा समितिको सिफारिसमा दिइने उल्लेख गरेता पनि वितरण सम्बन्धी कार्यविधि तयार गरीएको देखिएन । अतः कार्यक्रमको अनुगमन गरी प्रभावकारीता यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कन्टिन्जेन्सी खर्च**- निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले रु ५६१४१ मर्मत तथा सम्भार, रु २१०००० पत्रपत्रिका, रु ११०७६० गाडि भाडा, रु ७९४०० विविध, रु ६७३९६० खप्ने सामान, रु ५४८५४९ परामर्श र मुल्याङ्कन खर्चमा रु ५२१००० गरि यस वर्ष रु. २१९९८१० कन्टीन्जेन्सी खर्च गरेको देखिन्छ । यस प्रकारका चालु खर्च शिर्षकका खर्चहरू समेतलाई पूँजीगत वजेट शिर्षक तर्फ समावेश गरी खर्च गरेको उपयुक्त देखिएन । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई सोको आधारमा खर्च लेख्नुपर्नेमा सो सम्बन्धी मापदण्ड निर्देशिका तयार गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

२९ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १११४३८००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १३७८११३६३ अर्थात अनुमान भन्दा १२३.६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३० **आन्तरिक आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

अनुदान	आन्तरिक आय	प्रतिशत
३३०६०२२७४	३७५१४५५६	११.३४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदान र आन्तरिक आयको तुलना गर्दा आन्तरिक आय ११.३४ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३१ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	१०००००	९३१९८	९३.१
वहाल कर	५००००	५०१२३०	१००२.४
व्यवसाय कर	१०००००	६१४००	६१.४
सवारीसाधन कर	८३४६०००	६६५३३०२.९३	७९.७

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ६ वडाहरुमध्ये नमुना छनौट गरी वडाहरुको राजस्व असुली परीक्षण गर्दा १ महिना ढिला सम्म राजश्व दाखिला भएको पाइयो । वडा स्तरमा वैंक नभएको र वडामा दैनिक राजश्व आम्दानी न्यून रहेको तथा भौगोलिक अवस्था कारण ढिला दाखिला भएको पालिको भनाई छ । नियममा तोकिए बमोजिम राजस्व दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ६१४०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा

गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ८४ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

	सैद्धान्तिक बेरुजु

३५ **जलाधार संरक्षण** - जलाधार संरक्षण कार्यक्रम संचालनको लागी लागत रु १४०००००० लाग्ने प्रस्ताव पेश भएकोमा बुटवल उपमहानगरपालिकाको सहयोग रु १००००००, तिनाउ नगरपालिकाको रु १००००० र सामुदायिक वन समन्वय समितिको रु १२००० समेत गरी पालिका र सामुदायिक वन समन्वय समिति विच रु १११२००० को सम्झौता भएको देखिन्छ । पालिकाले विविध खर्च खाताको गोभौनं ६।०८०।३।२२ बाट रु ९९९९९० र गाँउपालिका पुँजिगतको गोभौनं १८०।२०८०।३।३२ बाट रु ७८००० समेत रु १०७७९९० खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

क) खर्च विश्लेषण गर्दा कार्यक्रममा सहभागीलाई विभिन्न स्थानको अवलोकन भ्रमण वापत यातायात खर्च, खाना खाजा, होटल बास लगायतमा खर्च लेखेको छ भने डढेलो नियन्त्रण वारेको साँस्कृतिक कार्यक्रमका २ गायकहरुलाई रु ५०००० का दरले रु १००००० खर्च लेखेको देखिन्छ । जलाधार संरक्षणको दिगो व्यवस्थापन हुने गरी खर्च गर्नुपर्नेमा अधिकांश खर्च सांस्कृतिक कार्यक्रममा खर्च भएको देखिन्छ ।

ख) आँपको विरुवा २५०० वटा र लिचिको विरुवा १००० वटा खरिद गरे वापत रु ३२१५०० खर्च लेखेकोमा उक्त विरुवाको वितरण एवं रोपणको अभिलेख पेश भएको छैन रु

अतः जलाधार संरक्षणको दिगो व्यवस्थापन सम्बन्धी कार्यक्रम बनाई मितव्ययी र प्रभावकारी तरिकाले खर्च गर्नुपर्ने देखियो ।

	प्रमाण पेश नगरेको	३,२१,५००

३६ **औषधि खरिद तथा अभिलेख** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकले संघीय हस्तान्तरित बाट रू.८८२८१५ र गाउँपालिकाको रू.६४५५९० समेत रू.१५२८४०५ को औषधि खरिद गरेको देखिन्छ। उक्त औषधिहरू स्वास्थ्य चौकीबाट माग भए अनुसार एकमुष्ट निकासी गरेको छ । साथै जिल्लाबाट के कति परिमाणमा औषधि प्राप्त भएको हो सोको विवरण पालिका PAMS मा देखीदैन । साथै स्वास्थ्य चौकीलाई वितरण भए अनुसार चौकीले औषधि खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधि तथा पालिकाबाट खरिद भएका औषधिको एकीकृत अभिलेख राखी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

	सैद्धान्तिक बेरुजु

३७ **विरुवा उत्पादन** - संघ तथा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम संचालन हुनु पर्दछ । कार्यालयले गोभौ १६९ मिति २०८०।०३।२१ बन तथा वातावरण कार्यक्रम अन्तर्गत बिरूवा उत्पादन गर्ने कार्य गरेको भनी सहायक डिभिजन बन अधिकृत श्री रामध्यान कुमार शाहालाई रू.३५००00 भुक्तानी दिएको छ । स्रेस्तामा संलग्न रहेको कागजात परीक्षण गर्दा निजले आफूले आफैलाई मिति २०७९।१२।१२ मा कार्यक्रम कार्यान्वयन गर्न आदेश दिएको देखिन्छ । डिभिजन वन कार्यालयमा वार्षिक बजेट तथा कार्यक्रममै पनि बिरूवा उत्पादन तथा वितरण हुने भएको डिभिजन प्रमुखको आदेश तथा वन कार्यालयसँगको समन्वय बेगर २०४०० बिरूवा उत्पादन गरेको भनी पालिकाबाट भुक्तानी भएको देखिन्छ । साथै उत्पादित बिरूवा वितरणको अभिलेख तथा सोको संरक्षण सम्बन्धमा कुनै प्रमाण कागजात स्रेस्तामा संलग्न रहेको देखिएन। तसर्थ डिभिजन वन कार्यालयसँगको समन्वय बेगर पालिकाले बिरूवा उत्पादन तथा वितरण गरेको भनी सहायक डिभिजन अधिकृत स्वंमले आफैलाई जिम्मेवारी तोकी कार्यक्रम गरेको देखिएकोले उक्त कार्यक्रममा दोहोरो भुक्तानी नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ डिभिजन वन कार्यालयमा बिरूवा उत्पादनमा बजेट विनियोजन नभएको तथा उत्पादित बिरूवा वितरण दोहोरो नभएको प्रमाण पेस हुनु पर्दछ ।

प्रमाण पेश नगरेको	३,५०,०००

३८ **प्रधानमन्त्री रोजगार** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ९२ दिनले १०० दिन रोजगारी उपलव्ध गराई रु. ३९१६०१३ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **मेडपा कार्यक्रम** - लघु उद्यम विकास कार्यक्रम संचानल निर्देशिका अनुसार एक जना सहजकार्ताले कम्ती ४० नयाँ उद्यमीलाई तालिम दिने तथा कम्तीमा २० जनालाई स्तरउन्नती तालिम दिने व्यवस्था गरेको छ । गाउँपालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्नेतर्फ रू.२९ लाख ७८ हजार खर्च गरेको छ । जस अन्तर्गत २ जना सहज कर्ता व्यवस्थापन गरी यस वर्ष रू.८७५४५२ खर्च गरेको छ । यस वर्ष सिलाई कटाई, मौरी घर लगायतका ८६ जना नयाँ उद्यमीहरू विभिन्न तालिमहरू संचालन तथा प्रविधि हस्तान्तरण तथा २४ जना स्तर उन्नति गरी १२० जनालाई तालिम दिएको छ । तर उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख पालिकाले राखेको छैन । पालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थीहरूले

व्यवसाय तथा उद्यम सूरू नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यावसायिक तालिम तथा कार्यक्रमहरूको उपलब्धि मापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **सामाजिक सुरक्षा भत्ता वितरण खर्च** - नेपाल सरकारले सामाजिक सुरक्षा लाभ ग्राहीको बैक खातामा निकासा दिने गरी कार्यविधि व्यवस्थित गरेकोमा पालिकाबाट समेत सोही बमोजिम लाभ ग्राहीको बैक खातामा नै निकास दिएको छ । तर गोभौ १९८ मिति २०८०।०३।२३ मा मिति २०८०।०१।२३ देखि २६ र २८ देखि ३१ सम्म वडाहरूमा सामाजिक सुरक्षा भत्ता वितरण गर्न गएको भनी विपिन भण्डारीलाई रू.१६४००, सविना थापालाई रू.१२३०० र कमला कुँवरलाई रू.१२३०० गरी रू.४१००० दैनिक भ्रमण भत्ता बुझी लिएको देखिन्छ । नेपाल सरकारको नीति बमोजिम पालिकाले बैक मार्फत लाभ ग्राहीको खातामा रकम निकासा दिएकोमा पुनः भत्ता वितरण गर्न वडामा गएको दैनिक भ्रमण भत्ता र भाडा भुक्तानी दिनु उपयुक्त देखिएन । राष्ट्रिय परिचयपत्र तथा पञ्जी करण शीर्षकको अन्य विविध खर्चबाट वस्तिस्तरमा सहजी करणको लागि खटाएको पालिकाले जनाएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **औषधिको लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपुर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनु पर्ने उल्लेख छ । पालिकाले ९७ प्रकारका औषधी खरिद कार्यको लागत अनुमान तयार गर्दा तीन ओटा फर्मबाट दररेट माग गरी सबै भन्दा घटी दरलाई आधार लिई लागत अनुमान तयार गरेको देखियो । साथै उक्त लागत अनुमान तयार गर्दा गत वर्ष पालिकाले खरिद गरेको दर तथा नजिकका जिल्ला अस्पताल तथा अन्य निकायको दरलाई समेत आधार लिएको देखिएन । साथै आईटम रेट विधिबाट ई विड मार्फत आपुर्ती कर्ता छनौट गरेकोमा कुल लागत अनुमान रू.२१०९९२३ भएको औषधि रू.८८२८१५ मा आपुर्ती गर्ने गरी चुन चुन फर्मेसीले ठेक्का पाएको छ । जसबाट पालिकाले तयार भएको लागत अनुमान यथार्थ परक रहेको देखिएन । तसर्थ नियममा तोकीए बमोजिम विधि प्रयोग गरी लागत अनुमान तयार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **सामााजिम सुरक्षा**

४२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैङ्क

मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । सोही अनुसार वडाहरुलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रु ७७५५१३८६ वितरण खर्च भएको देखियो ।

वडा	बैंक	प्रथम त्रैमासिक वितरण	प्रथम त्रैमासिक वितरण	प्रथम त्रैमासिक वितरण	प्रथम त्रैमासिक वितरण	जम्मा
१	लक्ष्मी बैंक	३३०२३७६	३४७७९५७	३५३३२२५	३५५८८०८	१३८७२३६६
२		३४६६५४५	३६६८०९६	३७३९२७२	३७५२४५२	१४६२६३६५
३		३०७१९७४	३२१८०५२	३२०९७७५	३३२६००२	१२८२५८०३
४		१९३१६५०	२०३१८९९	२००२२९९	२०१९३१४	७९८५१६२
५	साइन बैंक	२७७१४१६	२८७९६२६	२९०९३१८	२९००५००	११४६०८६०
६		४०५९५६०	४२०८८५०	४२६९३६६	४२४३०५४	१६७८०८३०
	जम्मा	**१८६०३५२१**	**१९४८४४८०**	**१९६६३२५५**	**१९८००१३०**	**७७५५१३८६**

सैद्धान्तिक बेरुजु

४२.२ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम त्रैमासिक प्रतिवेदन पठाउंदा पहिलो त्रैमासिक प्रतिवेदन ७ गतेभित्र दोस्रो त्रैमासिक प्रतिवेदन ७ गतेभित्र तेस्रो त्रैमासिक प्रतिवेदन ७ गते भित्र र चौथो त्रैमासिक तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२.३ मृतकलाई भत्ता वितरणः - ४..........*(प्रारम्भिक प्रतिवेदन उपर १५६७६० असूल तथा रु ६१४० को प्रमाण पेश भएको आधारमा मिति २०८१।१।७ को निर्णयबाट रु.१६५९००।- सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

४२.४ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **अनुदान वितरण -** पालिकाले अनुदान उपलब्ध गराउदा कार्यविधिको आधारमा लागत सहभागिता हुने गरी उपलब्ध गराएको देखिन्छ । पालिकाले गो भौ नं २३-०८०।१।१० बाट वडा नम्बर ४ का कृषक समुहललाई ५० प्रतिशत अनुदानमा पोखरी प्लाष्टिक वितरण गरेको छ । तर पालिका आफै १९ जना कृषकलाई प्लाष्टिक पोखरी वापत रु ४७४९९९ अनुदान दिँदा लागत सहभागिता जुटाएको पाइएन । यसरी एउटै प्रकृति कार्यमा फरक फरक तरिकाले अनुदान वितरण गरेको देखिएकोले समानता कायम गरी प्राविधिक मुल्याङ्कनको आधारमा अनुदान उपलब्ध गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ बमोजिम जिन्सी मालसामन दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं १९-०८०।३।१८ बाट तिनाउ कृषि उपज केन्द्रलाई १३५ वटा रु ९४५०० को युनि भेज क्यारेट उपलब्ध गराएकोमा सो केन्द्रले जिन्सी दाखिला गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	९४,५००

४५ **पुन अनुदान -** संघिय सर्शत अनुदान निर्देशिकामा संघिय सर्शत अनुदान मार्फत २ वर्षसम्म संघिय बजेटबाट अनुदान उपलब्ध गराएको संस्था सो अवधि पछि आफै स्वलम्बन हुनुपर्ने उल्लेख भएको देखिन्छ । अघिल्ला २ वर्षमा अनुदान प्राप्त गरेको जन जागृति कृषि समुहलाई पालिकाले गो भौ नं ३२ मिति ८०।३।१७ बाट गाँउपालिका चालु तर्फ पुन बजेट सामवेश गरी २८२४५० अनुदान उपलब्ध गराएको देखियो । यसरी एउटै समुहलाई वार्षिक अनुदान उपलब्ध गराउने निर्णय उपयुक्त देखिएन । पालिकाले आवश्यक सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **अनुदानको अनुगमन -** पालिकाले उपलब्ध गराउने अनुदानमा वार्षिक रुपमा अनुगमन गरी सोको बारेमा प्रतिवेदन तयार गर्नुपर्नेमा मानवीय च्याउ खेती लाई सम्भाव्यता अध्यायनको लागि रु १३९६५० खर्च लेखेकोमा सोको अवस्था बारेमा अनुगमन गरेको पाईएन। पालिकाले उपलब्ध गराउने अनुदानमा अनुगमन गरी सोको अवस्था र अनुदानको सदुपयोगबारे प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४७ **विरुवा खरिद -** पालिकाले गो भौ नं ३३ मिति २०८०।३।१७ बाट दिलिप फलफुल बागवानी नर्सरी फर्म रौतहटबाट दशहनरी आप प्रति गोटा रु ७५ ले ४०० वटा, शाही लिचि प्रति गोटा रु ७५ ले ३०० वटा, लोकल कागति प्रति गोटा रु २५ ले १६०० वटा, मालभोग केरा प्रति गोटा रु ३५ ले २०० वटा, मेवा प्रति गोटा रु ८० ले ३०० वटा र कलमी सुन्ताला प्रति गोटा रु १०० ले ४६९ वटा गरी जम्मा रु १७०४०० मा खरिद गरेको छ । सुन्तला जात फलफुल विकास केन्द्र तानसेनमा कलामी सुन्तलाको विरुवा प्रति गोटाको रु ४५ रहेकोमा सरकारी निकायको विक्रि मुल्यको आधारमा ४६९ वटाको रु ५५ का दरले रु २५७९५ वढी व्यभार परेको छ । सुन्तलाजात फलफुल विकास केन्द्रलाई अनुरोध गरेकोमा उक्त अवधिमा कलमी सुन्तलाको विरुवा उपलब्ध हुन नसकेकोले अन्यत्रबाट खरिद गरेको पालिकाले जनाएको छ । पालिकाले फलफुलको विरुवाहरु वितरण गर्ने कार्यक्रम रहेको अवस्थामा योजना बनाई सरकारी निकायबाट खरिद गर्ने तर्फ ध्यानदिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

४८ **आकस्मिक लाभकर -** ✂.......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।१४ को निर्णयबाट रु. १४०००।- सम्परीक्षण गरिएको ।)***

असुल गर्नुपर्ने	०

४९ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत अनुमान तयार नगरी एवं दरभाउपत्र समेत माग नगरी बाल मैत्रि कार्यक्रम संचालन गर्न इन्द्रेणी समाज केन्द्र संग सम्झौता गरी गो भौ नं ४८९ मिति २०८०।३।२३ बाट रु ४४९९५८ खर्च लेखेको छ । कार्यक्रममा गर्नुपर्ने क्रियाकलापको विवरणको आधारमा लागत अनुमान तयार गरी प्रस्ताव माग गरी सम्झौता गर्न र कार्यक्रम सम्पन्न पश्चात कार्यक्रमको मुल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यक्रम संचालन दाताले २४ जना कर्मचारी परीचालन गरी तथ्याङ्क संकलन गरी तथ्याङ्क सहितको पुस्तिका कार्यालयमा पेश गरेको पालिकाले जनाएको छ ।

सैद्धान्तिक बेरुजु

५० **बढी आमन्त्रित -** अर्थ मन्त्रालयले जारी गरेको खर्च निर्देशिकाको परिच्छेदको ७ मा बैठक भत्ताको खर्च सम्बन्धि मापदण्डको को ७.१.१ (६) मा आवश्यक परेमा ३ जना विज्ञ राखी भत्ता भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले गोभौनं ३९४-२०७९।३।३ बाट न्यायीक समितिको ६ बैठकमा आमन्त्रित संख्या १८ जना राखुपर्नेमा २२ जना राखी वढी ४ जनाको रु ४००० र

गोभौनं २३४-०७९।१२।२ बाट वोलपत्र मुल्याङ्कन- समितिको ५ वटा बैठकमा आमन्त्रित संख्या १६ सम्म राख्नुपर्नेमा ३२ जना राखि वढी १६ जनाको रु १६००० गरी रु २०००० वढी आमन्त्रित राखी भत्ता भुक्तानी गरेको देखियो । पालिकाले खर्च मितव्ययी तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५१ **मंहगी र ग्रेड सम्बन्धमा** - अर्थ मन्त्रालयको पत्र सङख्या ३६५-०३।७८।७९ को चलानी नम्बर १७१९ पत्र मिति २०७९।१।२१ पत्रमा करार कर्मचारीलाई मंहगी भत्ता उपलब्ध गराउने कानुनी व्यवस्था नभएको व्यवस्था उल्लेख गरेको छ ।पालिकाले जि.स.स. को मिति २०७५।४।१६ को रमाना पत्र राखी करार कर्मचारी सामाजिक परिचालक श्री कमला जि.सी र श्री चिरन्जिवि आचार्यलाई मासिक रु २००० को दर वार्षिक प्रति व्यक्ति २४००० ले रु ४८००० भुक्तानी दिएको छ । त्यस्तै सामान्य प्रशासनको मन्त्रालयको पत्र सङख्या १७-०७३।७४, चलानी नम्बर २१७ मिति २०७४।१।२५ को पत्र अनुसार करार कर्मचारीले पाउने सेवा सुविधा उल्लेख गरेको र सो पत्रमा चाडपर्व, पोसाक खर्च वारेमात्र उल्लेख छ । पालिकाले उपरोक्त दुई व्यक्तिलाई प्रति व्यक्ति मासिक ९ ग्रेडको दरले रु १०४२२ गरी वार्षिक रु १२५०६४ र चाडपर्वको ग्रेड रकम रु १०४२२ गरी जम्मा रु १३५४८६ ले हुने रु २७०९७२ खर्च लेखेको छ । स्थानीय विकास कोष समितिको सचिवालय पाल्पा र सम्बन्धीत व्यक्ति विच २०५९ मा भएको सम्झौताको वुँदा ५ मा ग्रेड पाउने व्यवस्था उल्लेख भएको, जिल्ला समन्वय समितिको कार्यालय पाल्पाको मिति २०७५।४।१६ को पत्रमा ग्रेड र मंहगी भत्ता समेत भुक्तानी गरेको उल्लेख भएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।३।२० को पत्रको बुँदा नं ९ मा स्थानीय विकास कोषमा कार्यरत कर्मचारीले करार शर्तमा उल्लेख भएको सुविधा उपलब्ध हुने व्यहोरा उल्लेख भएको आधारमा पालिकाले सामाजिक परिचालकहरुलाई महंगी भत्ता र ग्रेड रकम भुक्तानी गरेको पाइयो ।साविकको स्थानीय विकास कोषबाट तलब भत्ता उपलब्ध हुने सामाजिक परिचालकहरु पालिकामा समाहित भएको अवस्थामा निजहरुले कोषबाट आर्जित व्याजबाट ५० प्रतिशत र पालिकाबाट ५० प्रतिशत गरी ग्रेड र तलब भत्ता प्राप्त गरेको सम्बन्धमा साविकको करार सम्झौतालाई आधार मान्य वा पालिकाबाट नयाँ करार अनुसारको सुविधा उपलब्ध गराउने सम्बन्धमा स्पष्ट हुनुपर्ने देखियो । साथै निजहरुबाट परिचालन कोषको आयव्यय र लगानी समेत पालिका कोषमा समावेश गरी लेखापरीक्षण गराउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

५२ **सवारी साधन भाडा** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययी किसिमले खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सम्भव भएसम्म किफायति र कम खर्चिलो बाटो वा साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । यसरी भाडामा लिदाँ भाडामा लिनुपर्ने आवश्यकता प्रयोजन उद्देश्य खुलाई, दर निर्धारण गरी एवं सम्झौता समेत गरी मितव्ययीता अपनाउनु पर्दछ ।

गो भौ नं मिति	प्रयोजन	रकम
८-०७९।६।११	विभिन्न गा पा कार्य गर्न	६३०००

३९४-०७९।३३	नखुलेको	१८०००
४३२-०८०।३।१७	अनुगमन तथा सभाको लागि	२४०००
४८५-०८०।३।२३	विभिन्न गा पा कार्य गर्न	८१२००
३८७-०८०।२।३०	योजना संकलन	५४०००
जम्मा		२४०२००

सैद्धान्तिक बेरुजु

५३ **अवलोकन भ्रमण** - वार्षिक योजना तथा कार्यक्रममै बजेट समावेश गरी गाउँपालिका र वडा कार्यालयका पदाधिकारी, कर्मचारीहरु विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा भ्रमण गरी खर्च लेखेको पाइयो । कार्यालयको कार्यसम्पादन संग सम्बधित नदेखिएको एवं धार्मिक तथा मनोरञ्जनात्मक मात्र देखिएकोले यसरी स्वीकृत बजेटमा नै समावेश गरी खर्च गर्नु उपयुक्त देखिएन । कार्यालयको कार्य सम्पादन र सेवा प्रवाहमा सकारात्मक परिवर्तन हुने विषयको विश्लेषण समेत नगरी पालिकाले गो भौ नं ३३८-०८०।२।२ बाट १४ जना पदाधिकारी मुस्ताङ्ग अवलोकन भ्रमणमा रु ३३४९१० खर्च लेखेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५४ **योजना अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले वडा स्तरिय र पालिका स्तरिय योजनाको अनुगमन गरे वापत गो.भौ.नं. ४७०-०८०।३।२१ बाट रु २५७००० र गो.भौ.नं. ३७० मिति २०८०।३।१८ बाट रु ५०००० र गौ.भो.नं. २३५ मिति २०७९।१२।३ बाट रु ४१००० गरी चालु शीर्षकबाट पदाधिकारी तथा कर्मचारीलाई रु ३४८००० भत्ता वितरण गरेको पाइयो । यसरी भत्ता भुक्तानी गर्दा योजन स्थलको दुरी योजनाको बजेट लगायतका विषयलाई मध्ये नजर गरी कार्यविधिमा बनाई खर्च लेख्नुपर्नेमा पालिकाले कार्यविधि तयार गरेको देखिएन । अत; कार्यविधि र अनुगमन कार्य योजनाको आधारमा खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **बढी भुक्तानी -** पालिकाले गो भौ नं ४४३-०८०।३।१८ बाट विद्यालयको लागि प्याड डिस्पोजल मेशिनको लागि ३ वटा आपुर्तिकर्ताबाट कोटेशन माग गरेकोमा ए वन ट्रेडर्स सप्लायर्सले प्रति मेशिन ५२००० कबोल गरेकोमा सो आपुर्तिकर्ता खरिद नगरी द ओसन सर्जिकलबाट प्रति मेशिन ५२५०० को दरले खरिद गरेको देखिएकोले यसरी बढी मुल्य भुक्तानी गरेको रकम भ्याट सहित ५०८० असुल गरी दाखिला गर्नुपर्ने

असुल गर्नुपर्ने	५,०८०

५६ **अनुदान -** स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्र कानुन कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक श्रोतको खर्च गर्दा प्रतिफल सुनिश्चित हुने गरि खर्च गर्नु पर्दछ । पालिकाले मस्यम एकिकृत क्याम्पस क्याम्पसलाई रु ४ लाख र पाल्पा लयान्स आखा क्लबलाई रु ७ लाख गरि दुईवटा संस्थालाई रु ११ लाख अनुदान उपलब्ध गराएको छ । पालिकाले अनुदान वितरण आफ्नो अधिकार क्षेत्र भित्र रहि कार्यविधि बनाई उपलब्ध गराउनु उपयुक्त देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५७ **प्रतिफलमा आधारित अनुदान -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिफलमा आधारित अनुदानमा दुग्घ उत्पादाक कृषकलाई प्रति लिटर रु २ रुपैयाका दर अनुदान उपलब्ध गराएको डुम्रे दुग्ध उत्पादक सहकारी संस्थालाई रु ६,६६,६६७ र दोभान कृषि बहुउद्देश्यी संस्थालाई रु १८५७२ गरी जम्मा रु ६८५२३९ खर्च लेखेकोमा पालिकाले सो सम्बन्धमा कार्यविधि तयार नगरी अनुदान उपलब्ध गराएकोमा पालिकाले कार्यविधि बनाई र दोहोरो अनुदान भए नभएको सम्बन्धमा एकिन गरि यस्तो अनुदान उपलब्ध गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८ **लक्षित कार्याक्रम बढि भुक्तानि- ✂...........** ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।१० को निर्णयबाट रु. ५९५०।- सम्परीक्षण गरिएको ।)***

असुल गर्नुपर्ने	०

५९ **तालिम संचालन -** लुम्बिनि प्रदेश खर्चको मापदण्ड २०७९ बमोजिम अनुसुचि ५ मा सहभागीको आफ्नो घर वा साविकको बसोबास स्थलबाट ओहोर दोहोरो गर्न नभ्याई पहाडको हकमा १५ कि मि भन्दा बढी भएको हकमा दैनिक ९०० भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिम भौचरबाट नम्स भन्दा बढी भुक्तानी गरेको देखिएकोले असुल हुनुपर्ने रु

गो भौ नं मिति	तालिमको नाम	विवरण	दर	रकम	कैफियत
४२८-०८०।३।१७	राजश्व मोडुल तालिम	१८(सहभागि सङख्या)	१०००	१५३००	सहभागीको आफ्नोघर वा साविकको बसोबास स्थलबाट ओहोर दोहोरो गर्न नभ्याई

					पहाडको हकमा १५ कि मि भन्दा बढी भएको हकमा दैनिक ९०० भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकामा आयोजित तालिममा कार्यलयकै कर्मचारीलाई भत्ता भुक्तानी गरेको असुल गर्नुपर्ने
३८८-०८०।२।३०	शैक्षिक विमर्श कार्यक्रम	३० जना सहभागी	१०००	२२९५०	सहभागीको आफ्नोघर वा साविकको बसोबास स्थलबाट ओहोर दोहोरो गर्न नभ्याई पहाडको हकमा १५ कि मि भन्दा बढी भएको हकमा दैनिक ९०० भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकामा आयोजित तालिममा कार्यलयकै कर्मचारीलाई भत्ता भुक्तानी गरेको असुल गर्नुपर्ने
जम्मा				३८२५०	

✂..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।१४ को निर्णयबाट राजस्व मोडुल तालिमको ५ जनाको रु. ६८५०।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	३८,२५०

६० **लिप्टिङ्ग खानेपानी विघुत महशुल**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा गरीएको परीक्षणमा विभिन्न भौचर र मितिबाट गाँउकार्यपालिकको निर्णय बमोजिम पालिकाभित्र रहेका विभिन्न खानेपानी लिफ्टिङ्ग महशुल वापत रु १ लाख ३८ हजार खर्च लेखि खानेपानी समुहलाई भुक्तानी गरेको छ । उक्त समितिहरुले लाभग्राहीसंग खानेपानीको महशुल समेत लिने गरेकोमा समितिले लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने र पालिकाले दिएको अनुदानबाट नागरिकले प्राप्त गरेको सुविधा समेतलाई विश्लेषण गरी कार्यविधि बनाई खर्च लेख्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

६१ **जिन्सि दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ बमोजिम सार्वजनिक निकायले खर्च लेख्दा रित पुगेको वा नपुगेको भनि चेकजाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ४४२ मिति २०८०।३।१८ बाट भिडियो डकुमेन्ट्रि निर्माणमा माडी भ्यु मिडिया प्रालिलाई रु ६०००० भुक्तानी गरेकोमा डकेमेन्ट्रीको दाखिला तथा अभिलेख राखेको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु

	प्रमाण पेश नगरेको	६०,०००

६२ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनु पर्दछ । यस गाउँपालिका अन्तर्गत वाल विकास देखि १२ सम्मका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नअनुसार रहेको देखिन्छ ।

विद्यालयको संख्या	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
३९	२२७	२२७	७४	४७८७

उपरोक्त तथ्यांकलाई विश्लेषण गर्दा निम्नअनुसार रहेको अवस्था छ ।

• नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले विद्यार्थी शिक्षक अनुपात हिमाली क्षेत्रमा ३०, पहाडमा ३५ र तराई तथा उपत्यकामा ४० रहनुपर्ने उल्लेख गरेको छ । यस गाउँपालिका अन्तर्गत ४७८७ विद्यार्थीको लागि २२७ शिक्षक भएकोले औसत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको छ ।

• गाउँपालिकाबाट प्राप्त विवरण अनुसार शुन्य दरबन्दी रहेको काफलवारी प्राविमा ८ जान विद्यार्थी तथा शिव प्राविमा १ शिक्षक दरबन्दी रहेकोमा १३ जना मात्र विद्यार्थी रहेका छन् भने २ शिक्षक दरबन्दी भएका ५ विद्यालयमा ४ देखि २९ जना सम्म विद्यार्थी रहेको देखिन्छ ।

• त्यसैगरी ३ शिक्षक दरबन्दी रहेको १२ विद्यालयमा २६ देखि ७२ जनासम्म विद्यार्थी रहेकोमा रूवा प्रा.वि. मा २६, सरस्वती प्रा.वि.मा २८ र ज्योती प्रा.वि. मा ३२ जना विद्यार्थी रहेका छन् ।

• पालिकाले २०७८ मा दरबन्दी मिलान गरेकोमा जनप्राविमा प्रा.वि. मा ६८ जना विद्यार्थी रहेकोमा २ जना शिक्षक करारमा, बलज्योती प्राविमा ४० जना विद्यार्थी रहेकोमा १ जना करार शिक्षक र जनज्योती प्रविमा ४ जना विद्यार्थि रहेकोमा २ जना शिक्षक करारमा राखि तलब भत्ता खर्च लेखेको अवस्था छ ।

तसर्थ पालिकाले विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

६३ **निकासा अभिलेख** - पालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नु पर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रूजू गरी विद्यालयगत निकासा अभिलेख तयार गर्नुपर्नेमा नगरी यस वर्ष आधारभूत तर्फ शिक्षक तलबमा रू.९ करोड ७० लाख र माध्यामिक तर्फ रू.३ करोड ५५ लाख ३२ हजार गरी रू.१३ करोड २ लाख ३२ हजार खर्च गरेको छ । लेखापरीक्षणको क्रममा बढी निकासा भएको रकम रू.२१८२०२ असुल भई बेरूजू खातामा दाखिला भएको छ । तसर्थ पालिकाले दरबन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा अभिलेख तयार गरी शिक्षकको तलव भत्ता यकिन गर्नु पर्दछ ।

	सैद्धान्तिक बेरुजु

६४ **निजी विद्यालय मापदण्ड तथा अनुगमन** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले ३९ सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका १ संस्थागत (निजी) विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै उक्त निजी विद्यालयको शुल्क निर्धारण सहमति तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था यकिन गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकिए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नु पर्दछ ।

	सैद्धान्तिक बेरुजु

६५ **लागत अनुमान तयार नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ८५ बमोजिम रू.१० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नपाइने व्यवस्था छ । पालिकाले स्यानीटरी प्याड खरिद तथा वितरण सम्बन्धी कार्यविधि २०७६ मा उल्लेख भए बमोजिमको स्पेसिफिकेसन उल्लेख गरी लागत अनुमान तयार गरेको देखिएन । साथै गोभौ ५५ मिति २०७९।१०।०३ मा बुटवल ईन्टरनेशलबाट प्रति पाकेट रू.९९.८९ का दरले अल्ट्रा प्याड २८० एमएम एन एस १०००० पाकेटको रू.९९८९२० तथा गोभौ १५३ मिति २०८०।०२।१२ मा द ओसन सर्जिकलबाट रू.३९९५६८ का ४००० गरी कुल रू.१३९८४८८ का १४००० पाकेट सोझै खरिद गरेको छ । खरिद नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार नगरेको तथा नियम ८५ बमोजिम दुई टुक्रामा रू.१३९८४८८ को सोझै खरिद गरेको नियमित देखिएन । रू.

	अनियमित भएको	१३,९८,४८८

६६ **बढी खर्च लेखेको** - ✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर*** संघीय संचित कोष दाखिला प्रमाण ***पेश भएको आधारमा मिति २०८१।१।१९ को निर्णयबाट रु. १९४२१०।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

६७ **अनुगमन तथा जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ बमोजिम कार्यालयमा प्राप्त जिन्सी सात दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिका शिक्षातर्फ गोभौ २३ मिति २०८०।०३।२० बाट दोभान माध्यामिक विद्यालयलाई आवासीय बनाउने व्यवस्थापनका रू.४८३९८१ का विद्युतका सामाग्री तथा विविध खर्च भुक्तानी दिएकोमा लागत अनुमान तयार भएको देखिएन । साथै उक्त सामानहरू समेत जिन्सी दाखिला भएको प्रमाण स्रेस्तामा संलग्न रहेको देखिएन । तसर्थ पालिका शिक्षा शाखाबाट अनुगमन गरि खरिद भए बमोजिम जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,८३,९८१

६८ **सत्यापन** - कार्यक्रम कार्यान्वयन पुस्तिकाले दिवा खाजा, पाठ्यपुस्तक, पिसिएफ तथा निरन्तर विद्यार्थी मुल्यांकन, छात्रवृत्ती लगायतका रकम निकासा गर्दा विद्यालयले ई मिसमा प्रवृस्टी गरेको विद्यार्थीको संख्याको स्थलगत निरीक्षण गरी सत्यापन (विद्यार्थी संख्या यकिन) भए बमोजिम गर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विद्यालयहरूले ई मिसमा प्रविष्टि गरेको विद्यार्थी संख्या सत्यापन नगरी सोही तथ्यांकको आधारमा देहाय अनुसार रकम निकासा दिएको छ । विद्यालयबाट प्रविष्टि गरिएको विद्यार्थीको संख्या सत्यापन नगरी अनुदान रकम निकासा गर्दा कुनै विद्यालयमा विद्यार्थी संख्या भन्दा घटी तथा कुनैमा बढी रकम निकासा हुने अवस्था सिर्जना हुन्छ । तसर्थ पालिकाले विद्यालयबाट ई मिसमा प्रविष्टि गरीएको विद्यार्थी संख्या यकिन गर्न स्थलगत अनुगमन गरी सत्यापन गर्ने कार्य गरी सत्यापनबाट प्राप्त विद्यार्थी संख्याको अधारमा मात्र निकासा दिनुपर्छ ।

क.सं.	**वापत**	**विद्यार्थी संख्या**	**निकासा रकम**
१	दिवा खाजा	२५०१	६९६३९९०
२	पाठ्यपुस्तक	४४८३	२४८०९८८
३	पीसिएफ तथा निरन्तर मुल्यांकन	४७८७	१९६९४००
४	छात्रवृती	१७८४	८०३४००
	जम्मा		**१२२१७७७८**

सैद्धान्तिक बेरुजु

६९ **अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिक २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१२ मा आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुस्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विल

भरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आईसिटी तथा पुस्तकालय स्थापनाका लागि निम्नअनुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनु पर्दछ ।

क्र.सं.	विद्यालय	वापत	रकम
१	जनदीप माध्यामिक विद्यालय	ई-पुस्तकालय व्यवस्थापन	६४९६८८
२	दोभान माध्यामिक विद्यालय	आईसिटी ल्याव	६५००००
३	मस्याम माध्यामिक विद्यालय	आईसिटी ल्याव	६५००००
जम्मा			**१९४९६८८**

सैद्धान्तिक बेरुजु

७० **पाठ्यपुस्तक अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था छ । पालिकाले यो वर्ष आफ्नो भित्रका ३९ विद्यालयमा पाठ्यपुस्तक अनुदान वापत प्रथम किस्ता ७५ प्रतिशत रू.१८६०७३८ र विद्यालयबाट विल तथा भरपाई पेश गरे पश्चात थप निकासा रू.७०८३१३ समेत गरी रू.२४८०९८८ निकासा दिएको छ । पालिकाले कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यममा पढाउने विद्यालयलाई शिक्षा समितिको निर्णय अनुसार पालिका तर्फबाट रू.२६३४१२ थप निकासा देखिएको देखिन्छ । विद्यालयहरूले मानव विकास केन्द्रले तोकैको दरको सेट किताब खरिद गरेको विल तथा गणितको लागि नपुग रकमको छुटै विल बनाई पेश गरेको देखिन्छ । रकम निकासा भए अनुसारको मूल्यमा खरिद भए नभएको सम्बन्धमा पालिका शिक्षा शाखाबाट अनुगमन भएको समेत देखिएन । पालिकाबाट निकासा भएको रकम विद्यालयले पुस्तक खरिद भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **झोलुङ्गे पुल -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्रीहरू जडान गरी नापी किताब तयार भए पश्चात् मात्र विल भुक्तानी गर्नुपर्छ । झोलुङ्गे पुल क्षेत्र गत कार्यक्रम अन्तर्गत पालिकाले यस वर्ष गोभौ ३५ मिति २०८०।०३।१७ बाट भुजेल बस्तीमा ११५ मिटर झोलुङ्ग पुल निर्माणका लागि एग्रो ईन्जियरिङ्ग वर्क्स प्रालिबाट रू.२१००२८४ को स्टील पार्टस, रू.१४९६१३ को नट बोल्ट लगायत, रू.२५६९६२ को जिआई पाईप र सकेट, रू.६४५९७० को हट डीप ग्यालभेनाईसन, रू.१८५७६७ को वायर लगायत र रू.९२३५२ को जुटको डोरी सहित कुल रू.३४३०९४८को

सामाग्री खरिद गरि उपभोक्ता समितिलाई दिएको छ । तर उक्त सामाग्री खरिद गरी उपभोक्ता समितिलाई जिम्मा दिएकोमा हालसम्म जडान भएको देखिएन । खरिद गरिएका निर्माण सामाग्री समयमै जडान नहुदाँ उक्त सामाग्री बिग्रन सक्ने तथा सुरक्षा बापत थप खर्च गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । तसर्थ खरिद गरिएका उपरोक्त अनुसारका निर्माण सामाग्री जडान भएको सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **पाईप तथा सामान जडान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्रीहरू जडान गरी नापी किताब तयार भए पश्चात् मात्र विल भुक्तानी गर्नु पर्दछ । पालिकाले यस वर्ष करिब ३६ हजार मिटर पाइप खरिद गरेकोमा देहाय अनुसार खरिद गरिएको पाइप जडान भएको देखिएन । साथै खरिद गरिएको पाइपहरू वितरण भएकोमा वितरित पाइपहरू जडान भएको देखिने नापी किताब लेखापरीक्षणको क्रममा पेश भएन । खरिद तथा वितरण गरेका निर्माण सामाग्री जडान भएको प्रमाण पेश हुनु पर्दछ रू. .

भौ.नं.	मिति	विवरण	मिटर/थान	रकम
१६६	२०८०।०३।२०	८ प्रकारको पाइपहरू	१५२७०	९७१४९६
१३३	२०८०।०३।११	मोटर पम्प लगायत ३ प्रकार	३	९८०००
२१३	२०७९।१२।११	सिँचाई पाइप, ह्युमपाई तथा ग्याविन जाली	२२००	२९१५००
१९५	२०७९।११।२८	९ प्रकारको	९९४६	६८६०००
जम्मा				२०४६९९६

प्रमाण पेश नगरेको	२०,४६,९९६

७३ **ग्याविन वर्कमा बढी दर** - सडक तथा पुल निर्माण नर्म्स २०७५ ले लागत अनुमान तयार गर्दा म्यान पावर र मेटेलियल ईन्पुट नर्म्सबाट लिने तथा स्थानीय निर्माण सामाग्रीहरूको दर कलेक्सन र जिल्ला दररेट बीच तुलना गरी मितव्ययी हुने गरी गुणस्तरमा फरक नपर्ने गरी जुन दर प्रयोग गर्दा श्रोतमाथिको कम व्ययभार हुन्छ सोही दर लिई विश्लेषण गर्ने सक्ने गरी कलेक्सनको नर्म्स पनि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष संचालन गरेको केही योजनामा स्थानीय कलेक्सन दर प्रयोग गरि सोही आधार दर विश्लेषण गरी भुक्तानी दिएकोमा केही योजनामा जिल्ला दर अनुसार खरिद गर्ने गरी लागत अनुमान तयार तथा भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा नमुना छनौट परेका देहाय अनुसारको योजनाको लागत अनुमान तयार गर्दा मेस साईज १००x१२० भएको ग्याविन जालीमा ढुगा कलेक्सन गरी ७० एमएमको ढुंगा बनाई भर्ने गरी दर विश्लेषण गरेको कारण

१.५x१x१ को जालीमा प्रति घनमिटर रू.६४९, २ x१x१ को जालीमा प्रति घनमिटर रू.६४८ र ३ x१x१ को जालीमा प्रति घनमिटर रू.६५४ का दरले बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनु पर्दछ ।

भौ.नं.	मिति	योजनाको नाम	ग्याविन	परिमाण	प्रयोग दर	प्रयोग गर्नुपर्ने दर	बढी दर	बढी रकम
स ३७	२०८०।०३।०४	खर्सनि कचल पहारे मोटरबाटो	२x१x१	४०	५३४९	४७०१	६४८	२५९२०
			१.५x१x१	३६	५२५३	४६०४	६४९	२३३६४
स ३६	२०८०।०३।४	गोरबन्दी सत्यावती जगात मोटरबाटो	१.५x१x१	१५	५२५३	४६०४	६४९	९७३५
१३५	२०८०।०३।११	कुसुमडाँडा जोडने मोटरबाटो	१.५x१x१	२१	५२५३	४६०४	६४९	१३६२९
			२x१x१	२८	५३४९	४७०१	६४८	१८१४४
१२५	२०८०।०२।३२	पशुशाखा तथा गापा भवन संरक्षण	१.५x१x१	१२३	५२५३	४६०४	६४९	७९८२७
			२x१x१	१६८	५३४९	४७०१	६४८	१०८८६४
			३x१x१	८८.५	५२५२	४५९८	६५४	५७८७९
१२४	२०८०।०२।३०	चरचरे मरामकोट मोटरबाटो	१.५x१x१	२१	५२५३	४६०४	६४९	१३६२९
			२x१x१	२८	५३४९	४७०१	६४८	१८१४४
			३x१x१	१५	५२५२	४५९८	६५४	९८१०
६२	२०७९।१०।१८	रूपा प्रावि	१.५x१x१	१९.५	५२५३	४६०४	६४९	१२६५६

			२x१x१	३२	५३४९	४७०१	६४८	२०७३६
५३	२०७९।०९।२६	लग्दुवा विसमुरे मोटरबाटो	१.५x१x१	६२	५२५३	४६०४	६४९	४०२३८
			२x१x१	६२	५३४९	४७०१	६४८	४०१७६
३९९	२०८०।०२।२९	जिम्मलटोल साङ्गखोला माथागढी मोबा	१.५x१x१	३०	५२५३	४६०४	६४९	१९४७०
			२x१x१	४०	५३४९	४७०१	६४८	२५९२०
			३x१x१	१८	५२५२	४५९८	६५४	११७७२
९७	२०७९।१०।२४	तटबन्ध तथा ग्याविन जाली	१.५x१x१	१२.०	५२५३	४६०४	६४९	७७८८
			२x१x१	२०	५३४९	४७०१	६४८	१२९६०
५३	२०७९।०९।२४	गिट्टीखानी बोहरीडाँडा सत्यवती सडक	१.५x१x१	१८	५२५३	४६०४	६४९	११६८२
			२x१x१	२८	५३४९	४७०१	६४८	१८१४४
जम्मा								६००४८७

असुल गर्नुपर्ने	६,००,४८७

७४ **मेसिनको प्रयोग**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । भवन निर्माण कार्यको नर्म्स नं. D३ र D४ मा मेसिनको प्रयोग गर्ने गरी नर्म्स स्वीकृत भएकोमा कार्यालयले D२ नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको छ । संघीय हस्तान्तरित गोभौ ३७ मिति २०८०।०३।२० बाट कालिका आधारभूत विद्यालय भवन निर्माणको कार्यमा मेसिन प्रयोग भएको फोटो र समितिले पेश गरेको विल भरपाई तथा समितिको माईनुटबाट देखिन्छ । तर पालिकाले मेसिन प्रयोग गर्दाको १:१.५:३ कंक्रीटको दर प्रति घनमिटर रू.१४७७७ मात्र हुने प्रति घनमिटर रू.१५८१८ का दरले भुक्तानी

दिएकोले १०५.९८ घनमिटरमा प्रति घनमिटर रू.१०४१ का दरले कङक्रिटको कार्यमा रू.११०३२५ बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

असुल गर्नुपर्ने	१,१०,३२५

७५ **ढुंगाको पुनः प्रयोग** - सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले गोभौ १८६ मिति २०८०।०३।२३६ बाट दोभान बोटेगाउँ सालबास मरेक मोटरबाटो उपभोक्ता समितिलाई रू.११६६८१८ भुक्तानी गरेको छ । उक्त भुक्तानीको नापी किताब परीक्षण गर्दा स्टवन मेसिनरी वाल भत्काउने कार्य वापत रू.१५००० भुक्तानी गरेको छ । उक्त पर्खाल भत्काउँदा निस्केको ढुंगाको प्रयोग सोलिङ्ग तथा वाल निर्माणमा गर्ने गरी लागत अनुमान तयार नगरी ३६.६६ घनमिटर स्टोन सोलिङ्गको कार्यमा प्रति घनमिटर रू.१८१७ का दरले ढुंगा खरिदको लागत अनुमान तयार गरी सोही दरमा भुक्तानी भएको छ । निर्माण स्थलको ढुंगा अन्यत्र डिस्पोजल गरी नयाँ ढुगा खरिद गरेको विषयमा आश्वस्त हुन सकिएन । तसर्थ भत्तकाउँदा निस्कीएको ढुंगा प्रयोग गर्न नसकिने प्रविधिक पुष्टाई नरहेको तथा उक्त ढुंगा प्रयोगको लागत अनुमानमा दर नघटेकोले सोको प्राविधिक पुष्टाई पेश हुनुपर्ने अन्यथा प्रति घनमिटर रू.१८१७ का दरले बढी भुक्तानी रू.६६६११ असुल हुनु पर्दछ । रू

असुल गर्नुपर्ने	६६,६११

७६ **ढुंगाको पुनः प्रयोग** - सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । साथै सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं.९०० को हार्ड रक कटिङ्गको दर विश्लेषणतर्फ हार्ड रक कटिङ्गको कम्तिमा ५० प्रतिशत परिमाण पुन प्रयोग गर्नुपर्ने उल्लेख छ । गोभौ २११ मिति २०७९।१२।०१ बाट बेशी थपनडाँडा जगात मोटरबाटो निर्माण कार्यमा हार्ड रक कटिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रू.१९०० का दरले ४२.२८ घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने २१.१४ घनमिटर स्टोन प्रयोग गर्न सकिने देखिन्छ । तर पालिकाले ग्याविनमा पुनः प्रयोग हुने गरी दर विश्लेषण नगरेको प्राविधिक पुष्टाई पेश हुनुपर्ने अन्यथा उक्त निर्माण कार्यमा १३.५० घनमिटरमा प्रतिघनमिटर रू.२४५० का दरले रू.३३०७५ बढी भुक्तानी भएको रकम असुल हनुपर्दछ । रू.

असुल गर्नुपर्ने	३३,०७५

७७ **सडक बोर्डबाट सोधभर्ना नभएको** - ✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर सोधभर्ना लिइ*** संचित कोष दाखिला प्रमाण ***पेश भएको आधारमा मिति २०८१।१।१ को निर्णयबाट रु. ९३३४५४।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

७८ **डीपीआर तयार तथा बजेट विनियोजन** - कार्यालयले देहाय अनुसार सडक योजनाको डीपिआर तयारीको लागि डाइनामिक रिसर्सेज म्यानेटमेन्टसँग सम्झौता गरेकोमा परामर्शदाताले निम्नअनुसारको लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गरी पालिकाबाट रू.१७७६९२५ भुक्तानी लिएको छ । उक्त ५ वटा सडकको विस्तृत परियोजना प्रतिवेदन अनुसार ती आयोजनाहरूको कुल लागत रू.१ अर्ब ८३ करोड ६० लाख

१६ हजार रहेको देखिन्छ । उक्त प्रतिवेदनमा उल्लेख भएको मध्ये यस वर्ष देहाय अनुसार तीन योजनामा रू.१ करोड ५० लाखको बजेट विनियोजन गरेको देखिन्छ । पालिकाको यस वर्षको कुल पुँजीगत खर्च रू.१५ करोड ८३ लाख ८७ हजारलाई आधार मानी सबै बजेट ती योजना खर्च गर्दा पनि उक्त योजना सम्पन्न हुन करिब १६ वर्ष भन्दा बढी समय लाग्ने अवस्था छ । साथै वार्षिक बजेट विनियोजनलाई आधार लिई तुलना गर्दा उक्त योजनाहरू कार्यान्वयन हुन सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो आन्तरिक आय तथा स्रोतको सुनिश्चित हुने खालको योजना संचालन गर्ने एवं ठूला योजनाको लागि संघीय र प्रदेश सरकारबाट बजेट सुनिश्चितताको लागि पहल गरी विस्तृत परियोजना प्रतिवेदनमा गरिएको खर्च सदुपयोग हुने वातावरण तयार गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

क्र.सं.	**योजनाको नाम**	**किलोमिटर**	**लागत अनुमान**	**यस वर्ष विनियोजन**
१	पालिका पहुच मार्ग	२	५९०६०३००	०
२	खुर्सानी कचल	७	११३२७२७०३	०
३	दोभान हरियाली	९	४५२५९०४२१	५००००००
९	घोरबन्दि सत्यवती	१३	५८६५७८४१४	५००००००
५	चरचरे जन्तेढुंगा	३	६२४५१४२०६	५००००००
जम्मा			**१८३६०१६०४४**	**१५००००००**

सैद्धान्तिक बेरुजु

७९ **अधुरो निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । देहायका योजनाहरूको लागत अनुमान तयार गर्दा प्रत्येक वर्ष रकम विनियोजन भए अनुसारको कार्यको मात्र लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने गरेको देखिन्छ । जसबाट उक्त योजनाको दायित्व वर्षेनी सर्दै आएको र हालसम्म अधुरो रहेको अवस्था छ । साथै उक्त योजनाको कुल लागत तथा भएको कुल खर्च अद्यावधिक कार्यको एकीकृत विवरण समेत तयार भएको छैन । साथै उक्त योजनाहरू अधुरो हुने गरि बजेट विनियोजन तथा कार्य गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौ.नं.	मिति	योजना	विवरण	रकम
२८	२०८०।०३।११	मगर सांस्कृती संरक्षण तथा व्यवस्थापन समिति	अधुरो भवन माथी ट्रस निर्माण तथा जस्ता हाल्ने	४८५३८०
१८	२०८९।१२।२४	झ्याङ्गला एकीकृत पूर्वाधार विकास	जगको मात्र कार्य	६८६०००
		जम्मा		११७१३८०

सैद्धान्तिक बेरुजु

८० **पुजिगत शिर्षकबाट चालु खर्च** - पूजी सृजना नहुने खालका वितरण मूखी खर्चलाई निरूत्साहसित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्छ। तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न कार्यक्रममा पुँजीगत शीर्षकबाट देहाय अनुसार रकम खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्छ ।

भौ.नं.	मिति	खर्च विवरण	रकम
२२०	२०७९।१२।०२	मस्याम माध्यामिक विद्यालयहोस्टेल व्यवस्थापन	१९६०००
२८६	२०७९।१२।२४	जनदिप माध्यामिक विद्यालय होस्टेल संचालन खर्च	१९६०००
१८०	२०७९।११।१८	गर्भवती पोषण कार्यक्रम अन्तरगत बेबी क्यारी ब्याग खरिद तथा वितरण	९८०००
१८४	२०८०।०३।२३	वडा नं.६ विपन्न नागरीक कार्यक्रम	१७१५००
१७२	२०८०।०३।२१	वडा नं.३ आर्थिक सहायता वितरण	१०६८००

१६३	२०८०।०३।२०	वडा नं.६ प्रत्येक घरमा ईन्टरनेट जडान वापतको रकम	१९८०००
१०९	२०८०।०१।१२	आर्थिक सहायता	२०२०००
८८	२०७९।१२।०८	खानेपानी उपभोक्ता समितिको मोटर बिग्रीएको बनाउने अनुदान	५८७६२
६४	२०७९।१२।०८	आर्थिक सहायता	२०५००
५४	२०७९।०९।२९	आर्थिक सहायता	४८०००
१४	२०७९।७।२८	आर्थिक सहायता	२६२०००
३	२०७९।०६।२१	आर्थिक सहायता	१३६०००
४३४	२०८०।०३।११	बजा मर्मत	२६०००
१९१	२०७९।११।२६	खेलकुद कार्यक्रम खाजा खाना वापत वडा युवा समन्वय समिति	९८०००
१२७	२०७९।११।०५	वेरूवा पंचेवाजा संरक्षण	९७९३९
४६७	२०८०।०३।११	वडा नं.२ राजनैतिक दलको बैठक वापतको खर्च वडा अध्यक्षको सिफारिसमा वडा सचिवलाई सोधभर्ना	६२४७५
४५४	२०८०।०३।११	वडा नं.२ आदीवासी जनजाती समन्वयन समितिको बैठक खर्च	३००००
३५७	२०८०।०१।३१	वडा नं.१ आदीवासी जनजाती समन्वय समितिको बैठक खर्च	४९०००
३३६	२०८०।०१।१९	वडा नं.२ युवा समन्वय समितिको खर्च	९८०००
		जम्मा	२१३४४७६

८१ **समितिले निर्माण व्यवसायिबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सीप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निम्नअनुसार निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटिल प्रकृतिका निर्माण कार्यहरू प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

भौ.नं.	मिति	योजनाको नाम	निर्माण व्यवसायी	नि.व्या. विल	मुल्यांकन रकम	भुक्तानी रकम
३२	२०८०।०३।०८	हापुर हरियाली भित्री बाटो	स्वाभिमान कन्ट्रक्सन र कैलाश कन्ट्रक्सन	४९४५१५	४९३५२२	४३९२३५
२५	२०८०।०२।१६	सुकेताल पाटन मोबा	कैलाश शिव कन्ट्रक्सन	१०७५९२६	१०७२६५२	९६०४५५
११७	२०८०।०२।८	भैसीकट्टा पिपलडाँडा मोबा	लिसरा कन्ट्रक्सन	७८१११२	७७६०७५	६८६०००
५६	२०७९।१०।०४	बुढीकोट देउराली घाट मोबा	रौनक सप्लायर्स कम्पनी	६७००२१	६६१७२१	५८८०००
४२	२०७९।०९।०५	वडा नं २ दशै सडक मर्मत	दया सागर सप्लायर्स	७९१८१७	७९०५९०	७११०६९

४०	२०७९।०९।४	वडा नं ६ मोटरबाटो सफाई	निरमान कन्ट्रक्सन र मेल्भीन ईन्टरप्राईजेज	८७८६६८	८७६००६	७८४०००
३४	२०७९।०९।०३	वडा नं. ५ मोटरबाटो सफाई	निरमान कन्ट्रक्सन	८१०८८८	८०९१६७	७२२२२०
२९	२०७९।०९।०१	दशौ मोटरबाटो सफाई	तिनाउ एकता कन्ट्रक्सन र कैलाश शिव कन्ट्रक्सन	८८५२३६	८७२१५२	७८४०००
२६	२०७९।०८।२६	दशौ मोटरबाटो सफाई	कैलाश शिव कन्ट्रक्सन	३८४०३०	३८४४१०	३३८६२४
१५	२०७९।०८।९	दशौ मोटरबाटो सोरसार	कैलाश शिव कन्ट्रक्सन	८७३२६४	८७३११२	७८४०००
७	२०७९।०८।१६	दशौ मोटरबाटो सोरसार	रौनक सप्लायर्स कम्पनी	८८०००२	८७२५५४	७८४०००
३१८	२०८०।०१।१०	सुकेताल भकार्लुङ्ग मोबा	कैलाश शिव कन्ट्रक्सन	२२२१९१	२२२१७३	१९६०००
३०१	२०७९।१२।२८	हटिया जन्तेलुङ्ग मोबा	निरमान कन्ट्रक्सन	२२२३८४	२२२३१९	१९६०००

२८०	२०७९।१२।१२	हेक्वारी खोला देखि बेसारघाट मोबा	न्यु तिनाउ मल्टी सप्लायर्स	६७८०००	६५४९५१	५८८०००
२११	२०७९।१२।०१	बेसी थपडाँडा जगात मोटरबाटो	कैलाश शिव कन्ट्रक्सन	५८५३४०	६५३७५५	५८८०००
				१०२३३४१४	१०२३५१५९	९१४९६०३

सैद्धान्तिक बेरुजु

८२ **समितिबाट जटील संरचना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम मूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लिफ्ट खानेपानी, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउने तर्फ ध्यान दिनुपर्छ । केही उदाहरणहरू यस प्रकार रहेका छन् ।

भौ.नं.	मिति	योजनाको नाम	कार्य	मुल्यांकन रकम	भुक्तानी रकम
३१	२०८०।०३।१८	थपनडाँडा सामुदायिक भवन	आरसीसी भवन	९३४४८३	८४१०३४
२९	२०८०।०३।११	कोष झिरूवास सामुदायिक भवन	आरसीसी भवन	७७६८६३	६८६०००
२०	२०७९।१२।२६	बाँरीडाँडा सुमदायिक भवन	आरसीसी भवन	१३०८४४०	११६४५१२
१४७	२०८०।०३।१७	घुघुराछाप लिफ्टीम खानेपानी	पाईप खरिद सहित टंकी निर्माण	१५९९३३५	१४३८२९५

११९	२०८०।२।१८	शिखडाँडा लिफ्टीङ्ग खानेपानी	पाईप खरिद सहित टंकी निर्माण	१६२९१४२	१४६४४०२
१२३	२०८०।०२।२९	घैयार लिफ्टीङ्ग खानेपानी	पाईप खरिद सहित टंकी निर्माण	१४१०३३६	१२६७६४७
४३२	२०८०।०३।१०	कचलफाँट लिफ्टीङ्ग खानेपानी	पाईप खरिद सहित टंकी निर्माण	२१५३८२९	१९३४५४५
२२४	२०७९।०५	कचलपँड कलिफ्टीङ्ग खानेपानी	पाईप खरिद सहित टंकी निर्माण	१०८२१७३	९७२१९१
जम्मा				**१०८९४६०१**	**९७६८६२६**

सैद्धान्तिक बेरुजु

८३ **सडक तथा पहिरो** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा लाभ ग्राही समुदाय मर्मत संभार सहित हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ । पालिकाले गत विगत देखि नै वार्षिक कार्यक्रममा तयार गरी सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराउने तर योजना सम्पन्न भए पश्चात् उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । जसबाट उपभोक्ता समितिले निर्माण गरेका सडक योजनामा प्रत्येक वर्ष पहिरो सफाई तथा स्तरउन्नती कार्यको लागि भनी बजेट व्यवस्था गरी खर्च गर्दै आएको देखिन्छ । पालिकाले यस वर्ष पनि देहाय अनुसारका सडकहरूमा पहिरो सफाई कार्य गर्न पुनः उपभोक्ता समिति गठन गरी निम्नानुसार खर्च गरेको छ । तसर्थ लाभग्राही समुदायलाई हस्तान्तरण नहुने तथा मर्मत संभारको जिम्मा नरहने योजनाहरू उपभोक्ता समितिबाट वर्षेनी संचानल गरी पुनः मर्मत तथा सफाई खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । केही उदाहरणहरू

भौ.नं.	**मिति**	**योजनाको नाम**	**भुक्तानी रकम**
१४६	२०८०।०३।१७	वडा नं. ६ विभिन्न सडक सफाई तथा मर्मत	१९६०००
३२	२०८०।०३।१८	हापुर हरियाली भित्रबाटो सफाई	४४३८४६
१३७	२०८०।०३।१४	वडा नं.५ सडक सफाई	१६०१००

८५	२०७९।१२।०५	वडा नं. ६ विभिन्न सडक सफाई तथा मर्मत	१३३७७०
८२	२०७९।१२।२८	वडा नं.२ सडक सोरसार	३५७९९९
७५	२०७९।११।१६	वडा नं.१ दशै बाटो सोरसार	७८४०००
४२	२०७९।०९।०५	वडा नं २ दशै सडक मर्मत	७११०६९
४०	२०७९।०९।४	वडा नं ६ मोटरबाटो सफाई	७८४०००
३४	२०७९।०९।०३	वडा नं. ५ मोटरबाटो सफाई	७२२२२०
२९	२०७९।०९।०१	दशै मोटरबाटो सफाई	७८४०००
२६	२०७९।०८।२६	दशै मोटरबाटो सफाई	३३८६२४
१५	२०७९।०८।९	दशै मोटरबाटो सोरसार	७८४०००
७	२०७९।०८।१६	दशै मोटरबाटो सोरसार	७८४०००
		जम्मा	६९८३६२८

सैद्धान्तिक बेरुजु

८४ **हेभी ईक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरे बमोजिम नै मेसिन उपकरण प्रयोग गर्ने गरेको पाइयो । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन :

भौ.नं.	योजनाको नाम	निर्माण व्यवसायी	नि.व्या. विल	मुल्यांकन रकम	भुक्तानी रकम
३२	हापुर हरियाली भित्री बाटो	स्वाभिमान कन्ट्रक्सन र कैलाश कन्ट्रक्सन	४९४५१५	४९३५२२	४३९२३५
२५	सुकेताल पाटन मोबा	कैलाश शिव कन्ट्रक्सन	१०७५९२६	१०७२६५२	९६०४५५
११७	भैसीकट्टा पिपलडाँडा मोबा	लिसरा कन्ट्रक्सन	७८१११२	७७६०७५	६८६०००
५६	बुढीकोट देउराली घाट मोबा	रौनक सप्लायर्स कम्पनी	६७००२१	६६१७२१	५८८०००
४२	वडा नं २ दशौ सडक मर्मत	दया सागर सप्लायर्स	७९१८१७	७९०५९०	७११०६९
४०	वडा नं ६ मोटरबाटो सफाई	निरमान कन्ट्रक्सन र मेल्भीन ईन्टरप्राईजेज	८७८६८८	८७६००६	७८४०००
३४	वडा नं. ५ मोटरबाटो सफाई	निरमान कन्ट्रक्सन	८१०८८८	८०९१६७	७२२२२०
२९	दशौ मोटरबाटो सफाई	तिनाउ एकता कन्ट्रक्सन र कैलाश शिव कन्ट्रक्सन	८८५२३६	८७२१५२	७८४०००
२६	दशौ मोटरबाटो सफाई	कैलाश शिव कन्ट्रक्सन	३८४०३०	३८४४१०	३३८६२४
१५	दशौ मोटरबाटो सोरसार	कैलाश शिव कन्ट्रक्सन	८७३२६४	८७३११२	७८४०००

७	दशौ मोटरबाटो सोरसार	रौनक सप्लायर्स कम्पनी	८८०००२	८७२५५४	७८४०००
३१८	सुकेताल भकार्लुङ्ग मोबा	कैलाश शिव कन्ट्रक्सन	२२२१९१	२२२१७३	१९६०००
३०१	हटिया जन्तेलुङ्ग मोबा	निरमान कन्ट्रक्सन	२२२३८४	२२२३१९	१९६०००
२८०	हेक्वारी खोला देखि बेसारघाट मोबा	न्यु तिनाउ मल्टी सप्लायर्स	६७८०००	६५४९५१	५८८०००
२११	बेसी थपडाँडा जगात मोटरबाटो	कैलाश शिव कन्ट्रक्सन	५८५३४०	६५३७५५	५८८०००
			१०२३३४१४	१०२३५१५९	९१४९६०३

सैद्धान्तिक बेरुजु

८५ **समितिबाट सार्वजनिक भवन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियममा उपभोक्ता समितिको स्थानीय श्रम, सीप प्रयोग हुने, रोजगारी सिर्जना हुने तथा उपभोक्ता समितिलाई हस्तान्तर हुने योजना मात्र उपभोक्ता समिति वा लाभ ग्राही समुदायबाट गर्न सकिने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण नहुने कार्यालय भवन तथा संरचना निर्माण कार्य उपभोक्ता समितिबाट गराएको देखिन्छ । नियमावलीको व्यवस्था बमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण हुने योजनामात्र समितिमार्फत गराई कार्यालय भवन जस्ता संरचना प्रतिस्पर्धाको माध्यमबाट गराउनुपर्छ ।

भौ.नं.	**मिति**	**उपभोक्ता समिति**	**मुल्यांकन रकम**	**भुक्तानी रकम**
१५५	२०८०।०३।१८	वडा नं. ६ कार्यालय भवन मर्मत	८६६२७६	७६४०२५
१३०	२०८०।०३।०६	वडा नं.४ कार्यालय भवन	१०२०५११	९१८२००

१०४	२०८०।०१।०३	वडा कार्यालय भवन छल ढलान तथा कम्पाउण्ड वाल	७५६९३१	६८१०४५
१०१	२०७९।१२।२७	वडा नं.५ कार्यालय भवन	६९०२४६	४९००००
४४५	२०८०।०३।१५	कोलडाँडा स्वास्थ्य चौकी भवन	८०८३४८	७२५२००
२४४	२०७९।१२।०९	वडा नं. ६ कार्यालय भवन निर्माण	१७८३७५	१५७३६०
जम्मा			४३२०६८७	३७३५८३०

सैद्धान्तिक बेरुजु

८६ **विभाज्य कोष** - नेपालको संविधान अनुसार खानी क्षेत्र बाहेक प्राकृतिक श्रोतको विक्री वितरण स्थानीय तह र प्रदेश सरकारको साझा क्षेत्राधिकारमा रहेको छ । सोही अनुसार बाँडफाँट हुने क्षेत्रको दर प्रदेश सरकारबाट निर्धारण हुने तथा स्थानीय तहले संकलन गरी विभाज्य कोषमा आम्दानी बाँध्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन तथा प्रदेश आर्थिक ऐनले गरेको छ ।तर पालिकाले ढुंगा गिटी वालुवा लगायतको बिक्रीबाट यस वर्ष रू.१२५८०१७८ आम्दानी गरेकोमा विभाज्य कोषमा दाखिला नगरी पालिकाको आन्तरिक आय खातामा दाखिला गरेको छ । वाँडफाँड हुने रकम विभाज्य कोषमा दाखिला गरी बाँडफाँट पश्चात् मात्र आन्तरिक श्रोत दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८७ **केबलकार सेवा शुल्क** - केवल कार संचालन समितिको बैठकबाट बुटवल उप महानगरपालिका र तिनाउ गाउँपालिका लागि प्रत्येक टिकट शुल्कको २ प्रतिशत सेवा शुल्क बापतको रकम उपलब्ध गराउने निर्णय भएको छ । बुटवल देखि पाल्पाको बसन्तपुर सम्मको लागि मिति २०८० जेष्ठ १५ लुम्बिनी केवल कार संचालनमा भएको छ । केवल कार कम्पनीले सार्वजनिक गरेको दर अनुसार विद्यार्थी र स्थानीयलाई भने शुल्कमा २५ प्रतिशतले छुट हुने तथा उक्त केवल कारको प्रति व्यक्ती शुल्क रू.१००० शुल्क निर्धारण गरिएको विवरण प्राप्त भएको छ । पालिकाको आन्तरिक आम्दानी विवरण अनुसार उक्त कम्पनीले मिति २०७९।०५।२९ मा सम्पत्ति कर बापत रू.१४६३०० मात्र दाखिला गरेको देखिएकोले टिकट विक्री गरेको तथा पालिकालाई बुझाउनु पर्ने शुल्क सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन । केवल कार कम्पनीसँग शुल्क सम्बन्धमा सम्झौता हुन बाँकी रहेको भनाई रहेको छ । तसर्थ पालिकाले सम्झौता गरी प्राप्त हुन बाँकी रकम यकिन गरि प्राप्त गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

८८ **मूल्य अभिवृद्धी कर - ५...........** ***(प्रारम्भिक प्रतिवेदन उपर** संघीय संचित कोष दाखिला प्रमाण **पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु. १४४७२७७।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

८९ **प्राकृतिक स्रोतको बिक्री** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई भएतापनि ठेक्का व्यवस्थापन गरेको देखिएन। पालिकाले ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको दर विश्लेषणमा रायल्टी समावेश गरी भुक्तानी दिएकोमा केही योजनाका समितिले ढुंगा, मिस्कट आदीको रायल्टी पालिकामा दाखिला गरेको देखिन्छ । तर अधिकांश योजनाका निर्माण व्यवसायी तथा उपभोक्ता समितिले व्यक्तिबाट खरिद गरेको भरपाई पेश गरेकोले पालिकाको स्रोत निःशुल्क प्रयोग गरी पालिकाबाट सामग्रीको रायल्टी वापत भुक्तानी लिएको रकम समेत बुझाए देखिँदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

९० **घर नक्सा पास** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ देखि ३९ सम्म स्थानीय तह भित्र नक्सा पास नगरी घर टहार बनाउने नपाईने व्यवस्था छ । पालिका बाट प्राप्त तथ्यांक अनुसार पालिका भित्र ४२०१ घर रहेकोमा घर नक्सा पास कार्य भएको तथा सोको अभिलेखीकरण भएको पाईएन । ऐनमा तोकीए बमोजिम घर नक्सा पास कार्य गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **वातावरण तथा विकास शुल्क** - पालिका र खानी सञ्चालन गर्ने विभिन्न कम्पनी बीच भएको सहमति तथा समझदारी अनुसार सञ्चालक कम्पनीले वार्षिक रूपमा खानी विभागमा बुझाएको विवरणबाट खर्च कटाई प्राप्त हुने आम्दानीबाट पालिकामा वातावरण तथा विकास शुल्क बुझाउने उल्लेख छ । उक्त कम्पनीहरूको खानी विभागमा विवरण बुझाउने समय पुष मसान्त सम्म हुने र सो पश्चात मात्र उक्त रकम पालिकामा प्राप्त हुने भएको भनि खानी संचालको अनुरोध अनुसार मिति २०८०।०३।३१ मा बसेको कार्यपालिका बैठकले हाल खानीहरू पूर्ण क्षमतामा संचालन हुन नसकेको उल्लेख गरी २०७९।८० को प्राप्त हुनुपर्ने शुल्क रकम आर्थिक वर्ष समाप्त भए पश्चातको ६ महिना अर्थात २०८० पुष मसान्त भित्र ५० प्रतिशत र २०८० चैत्र मसान्त भित्र बाँकी ५० प्रतिशत रकम बुझाउने गरी निर्णय गरेको कारण हालसम्म उक्त रकम प्राप्त हुन सकेको छैन । खानी संचालक कम्पनीको पुष मसान्त सम्म विवरण बुझाउने समय भएकोले आर्थिक वर्ष भित्र ५० प्रतिशत र विवरण बुझाए पश्चात् बाँकी रकम बुझाउनुपर्ने गरी निर्णय नगरी आर्थिक वर्ष समाप्त भए पश्चातको ६ महिनामा रकम प्राप्त गर्ने गरी निर्णय गरेको कारण उक्त रकम बक्यौता रहेको देखिन्छ । साथै कम्पनीहरूले आर्थिक वर्ष २०७७।७८ को वातावरण तथा विकास शुल्क रू.१ करोड ४५ लाख बुझाएको, २०७८७९ मा रू.९७ लाख ५० हजार

मात्र प्राप्त भएको र २०७९।८० मा देहाय अनुसार रू.१ निर्धारण भएकोले रकम घट्दो क्रममा रहेको देखिन्छ । अतः वातावरण तथा विकास शुल्क घट्दो हुनुको कारण पहिचान गरी आम्दानी बढाउने तथा देहाय अनुसार खानी संचालकबाट निर्धारण गरिएको शुल्क तोकिए बमोजिम मितिभित्र प्राप्त गरी आम्दानी बाँध्नुपर्छ ।

क्र.सं.	**खानी संचालकको नाम**	**आ.व.२०७७।७८ को २०७८।७९ माप्राप्त**	**आ.व. २०७८।७९ को २०७९।८० मा प्राप्त शुल्क**	**आ.व. २०७८।७९ को २०७९।८० मा प्राप्त हुन बाँकी शुल्क**	**आ.व. २०७९।८० कार्य पालिकाबाट तोकिएको शुल्क**
१	सिद्धार्थ मिनरल्स प्रा.लि.	२५०००००	२२५००००	२५००००	१२५००००
२	सर्वोत्तम मिनरल्स प्रा.लि.	३००००००	३५०००००	०	२४५००००
३	सत्यवती खानी उत्खनन् प्रा लि	२५०००००	२५०००००	०	१७५००००
४	कंचन क्वेरिज प्रा.लि.	२५०००००	०	२५०००००	१७५००००
५	अल्फा कन्स्ट्रक्सन एण्ड डेभ्लोप्स प्रा.लि.	२५०००००	०	२५०००००	१७५००००
६	डोलोमाईट चुनढंगा कम्पनी प्रालि	१५०००००	१५०००००	०	१०५००००
	जम्मा	**१४५०००००**	**९७५००००**	**५२५००००**	**१००००००००**

नोटः आर्थिक वर्ष २०७८।७९ को प्राप्त हुन बाँकी रकम समझदारी अनुसार २०७९।८० मा प्राप्त हुनुपर्ने रू.५२५०००० प्राप्त गर्न रहेको उक्त रकम २०७८।७९ को लेखापरीक्षण प्रतिवेदनमा लगति बेरुजू रहेको ।

सैद्धान्तिक बेरुजु

९२ **बाँडफाँट** - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा अनुसूची ६ अनुसारको दरमा गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित कर संकलन गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषदले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले ढुङ्गा, गिट्टी, बालुवा लगायत प्राकृतिक श्रोतको बिक्रीबाट रू.१२५८०१७८ आम्दानी गरेको छ । उक्त रकममध्ये रू.४ लाख प्रदेश संचितकोष दाखिला गरेको छ । नेपाल सरकारको आर्थिक ऐन, २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने, करको दरसम्बन्धी स्थानीय तहले संकलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेकोले उक्त रकम बाँडफाँट भएको छैन । तसर्थ तीनै सरकारको अन्तर समन्वय गरी राजस्व बाँडफाँट नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९३ **स्थानीय विकास शुल्क** - सञ्चालक कम्पनीले १० प्रतिशत स्थानीय विकास शुल्क पालिकालाई तिरेको रसिद सहितको विवरण पौष मसान्त भित्र खानी विभाग पेश गरी खानी उत्खन्न तथा संचालन नवीकरण गर्नु गर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसार खानी संचालकबाट निम्न अनुसार रकम प्राप्त भएको छ । कम्पनीहरूले आर्थिक वर्ष २०७७।७८ को स्थानीय विकास शुल्क रू.१२९९२१८४ पालिकामा दाखिला गरेकोमा २०७८।७९ मा रू.९६८७८७८ मात्र दाखिला गरेको देखिएकोले रकम घट्दो क्रममा रहेको देखिन्छ । साथै आर्थिक वर्ष २०७९।८० को स्थानीय विकास शुल्क मध्ये देहाय अनुसार ३ खानी संचालकबाट रू.२५९८८८४ मात्र प्राप्त भएको छ भने बाँकी ३ कम्पनीबाट प्राप्त भएको छैन । खानी विभागमा बुझाएको विवरणको आधारमा उक्त रकम पालिकालाई प्राप्त हुनेमा उक्त विवरण लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ पालिकाले खानी विभाग तथा संचालकसँग समन्वय गरी उक्त रकम प्राप्त गर्नु पर्दछ ।

क्र.सं.	**खानी संचालकको नाम**	**आ.व.२०७७।७८**	**आ.व. २०७८।७९**	**आ.व. २०७९।८०**
१	सिद्धार्थ मिनरल्स प्रा.लि.	2157172	१०५८३५३	-
२	सर्वोत्तम मिनरल्स प्रा.लि.	५१७८०६४	४९३४७४९	१८८६४४७
३	सत्यवती खानी उत्खनन् प्रा लि	१९३५९४२	९६०५९२	४१५१९४

४	कंचन क्वेरिज प्रा.लि.	१९२८६७८	१९७३२७५	-
५	अल्फा कन्स्ट्रक्सन एण्ड डेभ्लोप्स प्रा.लि.	1487185	५९९८१८	-
६	डोलोमाईट चुनढंगा कम्पनी प्रालि	305143	१६१०९१	२९७२४३
	जम्मा	१२९९२१८४	९६८७८७८	२५९८८८४

सैद्धान्तिक बेरुजु

९४ **गुणस्तर** - निर्माण व्यवसायीसँग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरूको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । पालिकामा निर्माण व्यवसायी वाट Quality Assurance Plan (QAP) पेश नभएकोले तोकिए बमोजिमको संख्यामा गुणस्तर परीक्षण गरेको अभिलेख कार्यालयबाट तयार नभएकोले गुणस्तरको अवस्थाबारे यकिन गर्न सकिने अवस्था छैन । अतः सडक तथा अन्य संरचना निर्माण तथा स्तर उन्नति कार्यमा प्रयोग गरिने डण्डी, क्रंक्रिट, ग्याबियन, सव-वेस तथा बेसकोर्स र क्युब लगायतमा अपेक्षित गुणस्तर कायम गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९५ **कार्यतालिकाको पालना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसङ्ग भएको सम्झौतामा एकमुस्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरी कार्य तालिका पेश गराएको देखिन्छ । तर पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्याङ्कन गरि कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको छ भन्न सकिएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरूप कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेस गरे अनुसारको कार्यतालिकामा उल्लिखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९६ **सडक चेनेज** - पालिकाले ठेक्का व्यवस्थापन गरे बमोजिमको चेनेज भित्र कार्य गराउनु पर्दछ । कार्यालयले ठेक्का नं.1A।२०७९।८० बाट खुर्सानि कचल ग्रामीण सडक तिनाउ १ र २ को लागि चेनेज १+००० देखि

३+००० भित्र कार्य गर्ने गरी एम आर विल्डर्ससँग मिति २०८९।०८।०५ मा सम्झौता गरी रू.३६३०३५४ भुक्तानी गरेको छ । साथै कार्यालयले सोही सडकको चेनेज ३+००० देखि ७+००० खण्ड भित्र कार्य गर्ने गरी ठेक्का नं.1B।२०७९।८० को लागि २०7९।०८।०५ मा रू.५८५५५०८ मा सम्झौता गरेको छ । सोही क्षेत्रभित्र कार्य गरेको भनी कार्यालयले उक्त ठेक्कामा रू.५८३०८१४ भुक्तानी गरेको छ । भुक्तानीको नापी परीक्षण गर्दा निर्माण व्यवसायीले चेनेज नं.०+००० देखि १+६०० भित्र कार्य गरेको देखिन्छ । कार्य गरेको प्रत्येक सडकको कार्य शून्य चेनेज उल्लेख गरी नापी गरिएकोले सम्झौता अनुसारकै चेनेज भित्र कार्य गरी भुक्तानी गरेको प्राविधिकको भनाई रहेको छ । तसर्थ सम्झौतामा उल्लेख भए अनुसारको चेनेज भित्र कार्य गरेको देखिने गरी नापी तयार गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९७ **त्रुटि सच्याउने अवधि** - खरिद सम्झौताको खण्ड “सी” को ४२ मा समेत योजनाहरूको त्रुटि सच्याउने अवधि सम्बन्धी अभिलेख राखि देखिएका समस्या तथा त्रुटिहरू उक्त अवधिमा सम्बन्धित निर्माण व्यवसायीबाट सच्याउने लगाउने व्यवस्था छ । पालिकाले विगतमा निर्माण सम्पन्न भएका तथा यस वर्ष सम्पन्न भएका ८ योजनालाई त्रुटि सच्याउने अवधि उल्लेख गरी अभिलेख राखेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिने र त्यस्ता योजनाहरूमा त्रुटि सच्याउने अवधि भित्रै थप लगानी गर्नुपर्ने अवस्था सिर्जना हुन सक्ने देखिन्छ । अत; त्रुटि सच्याउने अवधिमा रहेका योजनाको अभिलेख अद्यावधिक गरी राख्ने एवम् सो अनुरूप अनुगमन गरी देखिएका समस्या र त्रुटिहरू सच्याउने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९८ **ठेक्काको मुल्यांकन** - कार्यालयले गोरबन्दी सत्यवती सडक निर्माण कार्यको लागत अनुमान रू.४८९६९७१ तयार गरी ठेक्का नं.४।२०७९।८० को मिति २०७९।०६।०५ मा ई विडको लागि सूचना प्रकाशित गरेको छ । सोही सूचनामा घुङ्ग्राछाप विश्कुनडाँडा भटेछाप कसेनी मोटरबाटोको लागि रू.४८८४०२२ को लागत अनुमान तयार गरी ५।२०७९।८० ई विडको सुचना प्रकाशित गरेको छ । मिति २०७९।०७।१७ को मुल्यांकन समितिको निर्णय बमोजिम ठेक्का नं.४।२०७९।८० को लागि कैलाश शिव कन्ट्रक्सनले रू.३८१५९६० मा ठेक्का सम्झौता गरेको छ । तर ठेक्का नं. ५।२०७९।८० मा कैलाश कन्ट्रक्सनले ई विडमा ईजाजत पत्र पेश नगरेको भनी दोस्रो घटीवाला प्रसिद्ध निर्माण सेवासँग रू.४१६०२५१ मा सम्झौता गरेको छ । ४ नं. ठेक्कामा ईजाजत पत्र सहित सबै कागजात पेश गरी ठेक्का पाएको निर्माण व्यवसायीसँग सम्झौता गर्न मुल्यांकन समितिले सिफारिस गरेकोमा ५ नं.ठेक्कामा ईजाजत पत्र पेश नगरेको भनी रू.४०२१९३९ कबोल गर्ने कैलाश शिव कन्ट्रक्सन लाई अनुतिर्ण गरेको कारण रू.१३८३१२ थप व्ययभार परेको छ । ई विडमा डकुमेन्ट पेश नभएकोले अनुतिर्ण गरिएको प्राविधिकको भनाई रहेको छ । तसर्थ कार्यालयसँग भएको प्रमाण कागजातलाई समेत आधार लिई खरिद कार्यलाई मितव्ययी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **खुलखुले पार्क निर्माण** - कार्यालयले खुलखुले पार्क निर्माण कार्यको लागि डिपिआर तयार गरेकोमा कुल रू.१२ करोड ५० लाखको लागत अनुमानमा हाल सम्म करिब रू.९५ लाख खर्च गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ मा रू.५० लाखको पर्खाल लगाउने कार्य उपभोक्ता समितिबाट

भएकोमा यस वर्ष उक्त पर्खालमाथि थप पर्खाल लगाउने तथा अन्य निर्माण कार्यको लागि रू.५८७८६१७ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा टिम्स कन्ट्रक्सनले रू.४२४९६५६ मा पालिकासँग सम्झौता गरेको छ । निर्माण व्यवसायीले सम्झौता अनुसार मिति २०८०।०३।२५ भित्र रू.४१२०८२० को कार्य गरी गोभौ ४१ मिति २०८०।०३।१५ बाट भुक्तानी लिएको छ । हालसम्म उक्त पार्क निर्माण कार्यमा करिब रू.९५ लाख खर्च भएकोमा कुल डिपिआरमा उल्लेख भए अनुसारको कार्य सम्पन्न हुन नसकी अधुरो रहेको अवस्था छ । हालसम्मको बजेट विनियोजन तथा खर्चको अवस्था विश्लेषण गर्दा उक्त योजना सम्पन्न हुन २० वर्ष लाग्ने देखिन्छ । साथै निश्चित समयभित्र सम्पन्न हुने गरी योजनामा बजेट विनियोजन नहुँदा उक्त योजनामा भएको खर्च अनुत्पादक हुने अवस्था देखिन्छ । अतः कार्यान्वयन योग्य एवं प्रतिफल मुखी योजन तर्जुमा गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : तिनाउ गाउँपालिका, पाल्पा , तिनाउ गाउँपालिका , पाल्पा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	लेख बहादुर बस्नेत	२०८०-५-३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	सुन्दर प्रसाद श्रेष्ठ	२०७७-६-३०	२०८०-५-३
लेखा प्रमुख	शंकर पुरी	२०७७-६-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०४६,५२८	२,७१५,९८८	५,९३१,९१८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९,६९४,४३४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,७६७,६४१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,९२६,७९३

आर्थिक कारोबारको स्थिति

अनुसूची - १

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८६०२२१३०.८५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३००६५९३१२.३	**चालु खर्च**	३०४५२९९२७.२
प्रदेश सरकारबाट अनुदान	२९९४२९६२	**पूँजीगत खर्च**	१८४९७३३६१.५
राजश्व बाँडफाँट	१०१५८३८४८.१	**वित्तीय/अन्य व्यवस्था**	६६१५५१०.०
आन्तरिक आय	४२७५५३६२.०१		
अन्य आय	१०७९५३६३.५		
कुल आय	४८५७३६८४७.९१	**कुल खर्च**	४९६११८७९८.७
बाँकी मौज्दात		७५६४०१८०.०६	